प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक ५४ | काठमाडौं | मंगलबार, २ असार २०८३ | Prabhab National Daily | Tuesday, 16 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रदेशको बजेट दुई खर्ब ९१ अर्ब ९६ करोड

## बागमतीको सबैभन्दा ठूलो, गण्डकीको सानो बजेट



**कोशी प्रदेश**
कूल बजेट: ४० अर्ब ४४ करोड
चालु खर्च: १३ अर्ब ९७ करोड
पुँजीगत: २० अर्ब ७५ करोड



**मधेस प्रदेश**
कूल बजेट: ४१ अर्ब १३ करोड
चालु खर्च: १४ अर्ब ६६ करोड
पुँजीगत: २६ अर्ब ४७ करोड



**बागमती प्रदेश**
कूल बजेट: ६६ अर्ब ९३ करोड
चालु खर्च: २२ अर्ब ९६ करोड
पुँजीगत: ४३ अर्ब ९७ करोड



**गण्डकी प्रदेश**
कूल बजेट: ३२ अर्ब ९९ करोड
चालु खर्च: १२ अर्ब ७२ करोड
पुँजीगत: २० अर्ब २ करोड



**लुम्बिनी प्रदेश**
कूल बजेट: ३७ अर्ब ३८ करोड
चालु खर्च: ११ अर्ब ११ करोड
पुँजीगत: २२ अर्ब ७१ करोड



**कर्णाली प्रदेश**
कूल बजेट: ३५ अर्ब ३९ करोड
चालु खर्च: ८ अर्ब ६० करोड
पुँजीगत: २० अर्ब ७४ करोड




**सुदूरपश्चिम प्रदेश**
कूल बजेट: ३७ अर्ब ७० करोड
स्रोत: राजस्व १ अर्ब ७२ करोड, राजस्व बाँडफाँट १० अर्ब २४ करोड, रोयल्टी ७ करोड, अनुदान ९ अर्ब ६ करोड

**प्रभाव संवाददाता**


**काठमाडौं–** मुलुकका सातवटै प्रदेशले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट सार्वजनिक गरेका छन् । प्रदेशका अर्थमन्त्रीहरूले सोमबार आ-आफ्नो प्रदेशसभामा बजेट प्रस्तुत गरेका हुन् । सातै प्रदेशको बजेटमा भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ ।

आगामी आवका लागि प्रदेशहरूले ल्याएका बजेटको कूल आकार दुई खर्ब ९१ अर्ब ९६ करोड रूपैयाँ रहेको छ । सबैभन्दा ठूलो बागमती प्रदेशले ६६ अर्ब ९३ करोड ३३ लाख रूपैयाँबराबरको बजेट ल्याएको छ । बागमतीपछि मधेसको बजेट ४१ अर्ब १३ करोड ८६ लाख रूपैयाँको रहेको छ ।

यसैगरी कोशी प्रदेशले ४० अर्ब ४४ करोड रूपैयाँ, गण्डकी प्रदेशले ३२ अर्ब ९९ करोड ९९ लाख रूपैयाँ, लुम्बिनी प्रदेशले ३७ अर्ब ३८ करोड ४५ लाख रूपैयाँ, कर्णाली प्रदेशले ३५ अर्ब २९ करोड ८५ लाख रूपैयाँ तथा सुदूरपश्चिम प्रदेशले ३७ अर्ब ७० करोड रूपैयाँको बजेट सार्वजनिक गरेका छन् ।

### कोशीको बजेटमा तान्त्रिक-वास्तुको अध्ययनदेखि एआईसम्म

कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले प्रस्तुत गरेको ४० अर्ब ४४ करोड रूपैयाको बजेटममध्ये चालु खर्चका लागि १३ अर्ब ९७ करोड ६३ लाख रूपैयाँ विनियोजन गरिएको छ । पुँजीगततर्फ २० अर्ब ७५ करोड २० लाख रूपैयाँ तथा वित्तीय व्यवस्थापनतर्फ १५ करोड रूपैयाँ विनियोजन गरिएको मन्त्री लिङथेपले बताए । यसैगरी, स्थानीय तहहरूका लागि पाँच अर्ब ५६ करोड ३६ लाख रूपैयाँ बजेट व्यवस्था गरिएको छ ।




बजेटका लागि प्रदेश सरकारले आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड रूपैयाँ, राजस्व बाँडफाँटबाट १२ अर्ब ८७ करोड रूपैयाँ तथा वित्तीय समानीकरण अनुदानबाट नौ अर्ब १२ करोड रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेटमा एआई (कृत्रिम बुद्धिमत्ता) देखि तान्त्रिक विद्यासम्मलाई समावेश गरेको छ ।

प्रदेश सरकारले धनकुटाको चौबीसे क्षेत्रमा आइटी पार्क निर्माण गर्ने लक्ष्य राखेको छ । प्रदेशका पाँच हजार युवालाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र सूचना प्रविधिसम्बन्धी तालिम दिने लक्ष्य सरकारको छ । सँगै, सरकारले संस्कृति र परम्परालाई जगेर्ना गर्न भन्दै ज्योतिष, वास्तु तथा तान्त्रिक शास्त्रको अध्ययन-अनुसन्धान गर्न दक्षिण एसियाली तन्त्र-वास्तु तथा ज्योतिष अध्ययन अनुसन्धान केन्द्र सञ्चालन गर्ने योजना बजेटमा ल्याएको छ ।

कोशी प्रदेश सरकारले विभिन्न क्षेत्रलाई लक्षित गर्दै कर तथा शुल्कमा व्यापक छुटको व्यवस्था गरेको छ । बजेटअनुसार, अन्य प्रदेशबाट हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने तथा कृषि व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई जग्गा रजिस्ट्रेसन शुल्कमा पूर्ण छुट प्रदान गरिने छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# इपिएसमार्फत कोरिया जान नपाएका युवाहरु पुनः आन्दोलनमा

- सत्तारूढ रास्वपालाई दबाब दिन 'घण्टीघर' अगाडि धर्ना
- जसरी पनि कोरिया जाने अवसर पाउनुपर्ने माग
- आफूहरूको फाइल नपठाउने जिम्मेवार अधिकारीलाई कारबाही माग
- कोरिया जान नपाएसम्म आन्दोलन जारी राख्ने चेतावनी




**ममता थापा**

**काठमाडौं–** कोरियन भाषा परीक्षा उत्तीर्ण गरेर पनि रोजगारीको अवसर नपाएका ओखलढुंगाका दीपक राई सोमबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय कार्यालय 'घण्टीघर' अगाडि धर्ना दिन पुगेका थिए । नौ महिनादेखि आन्दोलनकै लागि काठमाडौंमा बसिरहेको उनले बताए ।

बिहान १० बजेदेखि टन्टलापुर घाममा प्लेकार्ड बोकेर बसेका उनले आफ्नो कोरियन जाने सपनासँग सिंगो परिवारको सपना जोडिएको पीडा पोखे । सरकारले आफूहरूलाई कोरियामा रोजगारीको अवसर नदिए जस्तोसुकै आन्दोलन गर्न तयार रहेको राई बताउँछन् ।

'म दुर्गम जिल्लाको गरिब परिवारबाट आएको हो । यत्तिका वर्ष भइसक्यो कोरिया जाने भनेको । रोस्टर अवधि त्यसै सक्कियो,' उनले भने, 'म कोरिया गएर छोरालाई राम्रो स्कुलमा पढाउने सपना थियो । बाबाआमाको उपचार गर्ने सपना थियो । के मुख लिएर गाउँ जाने ? यस्तो पीडा हुँदा पनि सरकारले हामीलाई सुनेको छैन । अब जेन-जी आन्दोलनजस्तै आन्दोलन गर्न परे पनि तयार छौं ।'

काभ्रेका हर्क लामा भाषा परीक्षा उत्तीर्ण गरिसकेपछि अन्य सब काम छोडेर कोरिया जाने दिनकै प्रतीक्षामा रहेको बताउँछन् । आफूहरूले कोरिया जानका लागि धेरै मिहेनत गरेकाले रोजगारीको अवसर पाउनुपर्ने उनको भनाइ छ । आफूहरूले कोरिया जान नपाउनुको कारण सरकारलाई बताए पनि दोषीलाई कारबाही नभएको उनको आरोप छ ।

'कोरियाको प्रक्रिया अगाडि बढाउन छुट्टी मिल्दैन भनेर अर्को केही गरेको छैन,' उनले भने, 'हामीले यसमा भएको चलखेल सरकारका सबै निकायमा पठाउँदा पनि दोषीलाई कारबाही भएन ।

क्रमशः पृष्ठ २ मा

### नियम परिवर्तन गर्न कोरिया तयार छैन: श्रम मन्त्रालय

कोरिया जान नपाएकाहरू र कोरिया सरकारबीच समन्वय गर्दै आएको युवा, श्रम तथा रोजगार मन्त्रालयले युवाहरूको माग आफ्नो ठाउँमा जायज भए पनि नियम परिवर्तन गर्ने पक्षमा कोरिया सरकार तयार नभएको जनाएको छ । हालसम्म भएका छलफलमा नियम परिवर्तन नगर्ने नै जवाफ आएको मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए ।

'कोरियाले रोस्टर अवधिको म्याद थप्न या रोस्टर परिवर्तन गर्न मानेको छैन । म्याद थप गर्ने नियम १७ वटा देशमा एउटै भएकाले नेपालका लागि छुट्टै नियम नहुने जवाफ आएको छ,' उनले भने, 'युवाहरूको माग उहाँहरूको ठाउँमा जायज नै छ । तर आजको मितिसम्म यो नियम परिवर्तन हुने अवस्था छैन ।'

# सीमा सुरक्षाको विषयले तात्यो संसद्

## सीमामा भारतीय सुरक्षाकर्मीको गतिविधि बढेकोप्रति सरकारको ध्यानाकर्षण



सोमबार प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै नेकपा एमालेकी सांसद पद्मा अर्याल (बाँया) र नेपाली कांग्रेसकी सांसद रेनुका काउचा । *तस्बिर: रासस*

- नेपाली भूमि दार्चुलामा विनाअनुमति भारतीय सुरक्षाकर्मी सवार हेलिकप्टर प्रवेश गरेको विषयमा सांसदहरूको चासो
- सुस्तामा पटक-पटक एसएसबीको प्रवेश र धम्की
- प्रधानमन्त्री शाहको अभिव्यक्तिपछि भारतीय सुरक्षाकर्मीले सीमा क्षेत्रमा गतिविधि बढाएको दाबी
- भारतीय सुरक्षाकर्मीको गतिविधिबारे सरकारसँग जवाफ माग

**जेबी योञ्जन**

**काठमाडौं–** नेपालको सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीहरूको गतिविधि बढ्दै गएको भन्दै प्रतिनिधिसभामा विपक्षी दलहरूले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् । दार्चुलाको आकाशमा भारतीय सुरक्षाकर्मी सवार हेलिकप्टर उडेको घटना, नवलपरासीको सुस्ता क्षेत्रमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) को पटक-पटकको प्रवेश र प्रधानमन्त्री बालेन्द्र शाहको विवादास्पद अभिव्यक्तिलाई जोड्दै सांसदहरूले सरकारसँग स्पष्ट जवाफ मागेका हुन् ।

सोमबार बजेटमाथिको छलफलका लागि बसेको प्रतिनिधिसभा बैठकमा सीमा सुरक्षा, राष्ट्रिय स्वाधीनता र नेपालको सार्वभौमिकतासँग सम्बन्धित विषयले प्राथमिकता पायो । विपक्षी सांसदहरूले सीमा क्षेत्रमा भइरहेका गतिविधिप्रति बालेन सरकार मौन बसेको आरोप लगाउँदै तत्काल कूटनीतिक पहल गर्न माग गरे ।

प्रतिनिधिसभामा बोल्दै नेकपा एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले सरकारले सीमासम्बन्धी विषयमा स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने माग गरिन् । उनले भनिन्, 'हामीले सुन्यौं, 'हामी अतीतको बोझ बोक्न सक्दैनौं भनेर तर रातो कार्पेटभित्र छोपिएको राष्ट्रघाती अभिव्यक्ति माननीय परराष्ट्रमन्त्रीले दिनुभयो । अतीतको बोझ भन्न खोजिएको के हो ? के कालापानी, लिपुलेक र लिम्पियाधुरामाथिको नेपालको दाबीलाई हामीले बोक्न सक्दैनौं भन्न खोजिएको हो ?' उनले सीमा विवादका विषयमा सरकारको अभिव्यक्ति र गतिविधिले थप अन्योल सिर्जना गरेको आरोप लगाइन् ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## प्रदेशको बजेट...

प्रदेश लगानी प्राधिकरणसँग लगानी सम्मेलनमार्फत सम्झौता भएका परियोजनाहरूले लिखत प्रमाणीकरण गर्दा लाग्ने शुल्कमा ७५ प्रतिशत छुट पाउने छन् ।

कोशी भ्रमण वर्षलाई लक्षित गर्दै भारतीय पर्यटकलाई प्रत्यक्ष सेवा प्रदान गर्ने सवारीसाधनलाई पूर्ण कर छुट दिने व्यवस्था पनि बजेटमा समावेश गरिएको छ । कृषि क्षेत्रको व्यावसायीकरणलाई प्रोत्साहन गर्न फलफूल उद्योग स्थापना तथा सामूहिक खेतीका लागि जग्गा खरिद गर्दा लाग्ने करमा ५० प्रतिशत छुट दिने घोषणा गरिएको छ । साथै, १०० देखि ३०० जनासम्मलाई रोजगारी दिने उद्योगलाई ४५ प्रतिशत र ३०० भन्दा बढीलाई रोजगारी दिने उद्योगलाई ५० प्रतिशत कर छुट उपलब्ध गराइने उल्लेख छ ।

होटल तथा रेस्टुरेन्ट व्यवसायलाई प्रोत्साहन गर्न इजाजतपत्र प्राप्तिमासमेत सहुलियत दिने व्यवस्था गरिएको छ । सामाजिक सुरक्षाअन्तर्गत क्यान्सरलगायतका दीर्घरोगी, हिंसापीडित तथा ज्येष्ठ नागरिकलाई प्रदेश प्रयोगशालामा गरिने स्वास्थ्य परीक्षण सेवामा ९० प्रतिशत शुल्क छुट प्रदान गरिने बजेटमा उल्लेख गरिएको छ ।

प्रदेश सरकारले लगानी आकर्षण, रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन तथा सामाजिक संरक्षणलाई बलियो बनाउन कर तथा शुल्क छुटका कार्यक्रम अघि सारेको जनाएको छ । प्रादेशिक अस्पतालमा सेवाका लागि आउने गर्भवती महिलाको स्वास्थ्य जाँच र जिल्ला अस्पतालबाट रेफर भई आएका १२ वर्षमुनिका लक्षित बालबालिकाको निःशुल्क उपचार गर्ने व्यवस्था गरेको छ ।

### मधेसमा कर्मचारीको तलब वृद्धिदेखि युवालाई सयदिने रोजगारी

मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रूपैयाँको बजेट प्रस्तुत गरेका छन् । मधेस प्रदेशसभामा सोमबार प्रस्तुत बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, वनलगायतका क्षेत्रलाई प्राथमिकता राखिएको छ ।

बजेटमा चालुतर्फ कूल विनियोजनको ३५. ५४ प्रतिशत अर्थात् १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार रूपैयाँ र पुँजीगततर्फ ६४.३५ प्रतिशत अर्थात् २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार रूपैयाँ खर्च प्रस्ताव गरिएको छ । बजेटमा सरकारी कर्मचारीहरूको तलब १० प्रतिशतले बढाउने घोषणा गरिएको छ । यसका साथै, उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई थप १० प्रतिशत प्रोत्साहनभत्ता दिने घोषणा गरिएको छ ।

प्रदेश सरकारले १८ देखि ३५ वर्ष उमेर समूहका युवालाई लक्षित गर्दै 'सयदिने रोजगार ग्यारेण्टी कार्यक्रम' घोषणा गरेको छ । 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमलाई परिमार्जन गर्दै सरकारले अब 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम' मा रूपान्तरण गरेको छ । 'शिक्षित छोरी, सुरक्षित मधेस र उद्यमशील नारी, समृद्ध मधेस' भन्ने नयाँ नाराका साथ यो कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

### बागमतीमा प्रविधिलाई जोड

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ६६ अर्ब ९३ करोड ३३ लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ । बजेटमा सवारी चालक अनुमतिपत्र (लाइसेन्स)को लिखित परीक्षा अनलाइनबाट लिने घोषणा गरिएको छ । प्रदेशका अर्थमन्त्री प्रभात तामाङले सोमबार प्रदेशसभामा प्रस्तुत गरेको बजेटमा यातायात कार्यालयहरूलाई 'फेसलेस' बनाउने र लाइसेन्सको लिखित परीक्षा अनलाइनबाट सञ्चालन गर्ने योजना समेटिएको हो ।

बागमती सरकारले संघीय सरकारसँगको समन्वयमा लाइसेन्स आफैं छपाइ गर्ने योजना पनि ल्याएको छ । सार्वजनिक यातायातमा यान्त्रिक परीक्षण दैनिकरूपमा गरिने भएको छ । यस्तै सवारी परीक्षण केन्द्र स्थापना गरिने बजेटमा उल्लेख छ ।

यसैगरी बागमती प्रदेश सरकारले उद्योग तथा व्यवसायको दर्ता र नवीकरण गर्न लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिने घोषणा गरेको छ । बजेटमार्फत रोजगारी सिर्जना गर्न भन्दै उक्त छुट दिने घोषणा गरेको हो ।

### गण्डकीमा कृषिलाई प्राथमिकता

गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतबहादुर शेरचनले शुक्रबार ३२ अर्ब ९९ करोड ९९ लाख रूपैयाँको बजेट प्रस्तुत गरेका छन् । बजेटमा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिइएको छ । व्यावसायिक कृषिप्रति आकर्षित गर्न 'रिटर्न टु भिलेज' अभियान घोषणा गरिएको छ ।

बजेटमा 'मनाङ, मुस्ताङको स्याउ, नवलपुरको धान, स्याङजाको सुन्तला, गण्डकीको सान' नारा दिइएको छ । यसलाई गण्डकीको विशिष्ट पहिचानका रूपमा विकास गर्न स्थानीय उत्पादन, प्रशोधन तथा बजारीकरणलाई जोड दिइने बजेटमा उल्लेख छ ।

पहाडी क्षेत्रको २५ सय हेक्टर जमिनमा ओखर, मेकाडेमिया नटलगायत काष्ठफल र किवी, स्याउ, सुन्तला, एभोकाडोलगायत फलफूलको व्यावसायिक बगैंचा विस्तार गर्न ३० करोड रूपैयाँ विनियोजन गरिएको छ ।

'रैथाने बाली रोपौं, स्वास्थ्य र पर्यावरण बचाऔं' भन्ने अभियानका साथ रैथाने बाली र पशुपन्छीको संरक्षणमा पनि गण्डकी प्रदेशले विशेष जोड गरेको छ ।

### लुम्बिनीको बजेटमा प्रदेशको समृद्धि लक्ष्य

लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले सोमबार आगामी आर्थिक वर्षका लागि ३७ अर्ब ३८ करोड ४५ लाख रूपैयाँको बजेट प्रदेशसभामा प्रस्तुत गरेका छन् । बजेटमा प्रदेश संरचनाको सुदृढीकरण, संघीय लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकास, प्रादेशिक अर्थतन्त्रको सबलीकरण, वित्तीय सुशासन, सार्वजनिक तथा निजी क्षेत्रको सहभागिता विस्तार र आर्थिक समृद्धिलाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ ।

'समृद्ध लुम्बिनी, खुसी नागरिक' को दीर्घकालीन सोचलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरिएको मन्त्री कार्कीले बताए । बजेटले संघीयताको लाभ आमनागरिकसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै पूर्वाधार विकासमा दायित्व भुक्तानीलाई प्राथमिकता दिएको छ । मदिराजन्य तथा सुर्तीजन्य उद्योगबाहेक अन्य उद्योग स्थापना गर्ने उद्यमीलाई पूर्ण छुट दिने व्यवस्था गरिएको छ । उद्यमशीलता प्रवर्द्धनका लागि 'उद्यम विकास कोष' स्थापना गरी स्टार्टअप तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

### कर्णालीमा पर्यटनमा पनि जोड

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले सोमबार आगामी आवका लागि ३५ अर्ब २९ करोड ८५ लाख रूपैयाँको बजेट प्रदेशसभामा प्रस्तुत गरेका छन् । बजेटमा पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राखिएको उनले बताए ।

मन्त्री शाहका अनुसार मुगुको रारताल, सुर्खेतको काँक्रेविहार, सल्यानको कुपिण्डेदह र रुकुमपश्चिमको स्यार्पुतालको पूर्वाधार विकासका लागि २१ करोड रूपैयाँ विनियोजन गरिएको छ । त्यस्तै, सुर्खेत विमानस्थलको विस्तारका लागि पाँच करोड रूपैयाँ छुटचाइएको उनले बताए ।

वन तथा वातावरण क्षेत्रअन्तर्गत जलवायु परिवर्तन उत्थानशील कार्यक्रमका लागि २० करोड ९० लाख रूपैयाँ विनियोजन गरिएको छ । साथै जलाधार क्षेत्रको संरक्षणका लागि २७ करोड १५ लाख रूपैयाँ छुटचाइएको मन्त्री शाहले जानकारी दिए ।

### सुदूरपश्चिमको बजेट ३७ अर्ब ७० करोड

सुदूरपश्चिम प्रदेशका अर्थमन्त्री विक्रमसिंह धामीले सोमबार आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३७ अर्ब ७० करोड रुपैयाँको बजेट प्रदेशसभामा प्रस्तुत गरेका छन् ।

प्रदेशसभामा बजेट पेस गर्दा प्रतिपक्ष दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले बैठक बहिस्कार गरेको थियो । राति पौने १२ बजे सुरु भएको बैठकमा सरकारको कार्यशैलीप्रति कडा आपत्ति जनाउँदै प्रतिपक्षी सांसदहरूले बैठक बहिस्कार गरेका हुन् । बैठकको सुरुमै समय मागेर बोल्दै नेकपाका सांसद मानबहादुर धामीले मध्यराति बजेट ल्याएर सरकारले नाटक गरेको आरोप लगाए । यसअघि विवादका कारण बजेट प्रस्तुत गर्न ढिलाइ भएको थियो ।

■■■

## इपिएसमार्फत...

यसमा ठूलै शक्तिको चलखेल भएको महसुस गरेका छौं । जे भए पनि हामीलाई कोरियामा रोजगारी दिनपऱ्यो । अरु केही पनि माग छैन ।'

आफ्नो पीडा सुनाउनै भनेर काठमाडौंमा बसिरहेका खोटाङका भूमिराज सैजु सरकारले आफूहरू सडकमा आउनुको कारण खोज्न नचाहेको गुनासो गरे । सरकारले जिटुजीअन्तर्गत रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत रोजगारीका लागि कोरिया पठाइरहँदा यसमा देखिएका समस्याको विषयमा सरकार स्वयं जवाफदेही हुनुपर्ने उनको भनाइ छ ।

'पीडितहरू सडकमा त्यसै आएको होइन । यस विषयलाई सरकारले किन मनन गर्दैन ? हालको सिस्टमबाट ४० प्रतिशत मान्छे लान्छ भने ६० प्रतिशतसँगचाहिँ किन खेलवाड गरिरहेको छ ?,' उनले प्रश्न गरे, 'जिटु-जीमार्फत लगिसकेपछि सरकार जवाफदेही हुनपऱ्यो । दुई वर्षको अवधिमा रोजगारदातासमक्ष किन फाइल गएन त ? उहाँहरू किन जवाफदेही हुनुहुन्न ?'

इपिएसअन्तर्गत भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया जान नपाएका युवाहरू पटक-पटक आन्दोलित हुँदै आएका छन् । विगतमा ग्वार्कोस्थित इपिएस कार्यालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, एचआरडी कार्यालयसम्म पुगेर उनीहरूले आफ्नो समस्या राखिरहेको अवस्था थियो । विगतका सरकारले यस विषयमा खासै चासो नदिएको अवस्थामा रास्वपा नेतृत्वको सरकारले समस्याको सम्बोधन गर्ला कि भन्ने आशाले रास्वपा कार्यालय अगाडि धर्ना दिन थालेको उनीहरू बताउँछन् ।

यसअघि, गत जेठ ११ गते पनि रास्वपा पार्टी कार्यालयमा धर्ना दिएपछि संसदीय समितिको बैठकमा पीडितपक्षको प्रतिनिधिसहित छलफल गर्ने कुरामा सहमति भएपछि आन्दोलन स्थगित भएको थियो । तर समितिमा उक्त समस्याको कुनै सम्बोधन नभएकाले अब भने यसको निकास ननिस्किएसम्म आन्दोलन जारी राख्ने उनीहरूले बताएका छन् ।

सन् २०२४ मा कोरिया जान भनेर आवेदन दिएका एक लाख ८१ हजार २ ९९ जना युवामध्ये १८ हजार २८२ जना परीक्षामा उत्तीर्ण भएको श्रम मन्त्रालयको तथ्यांक छ । जसमध्ये आठ हजार ९१२ जनाको रोस्टर अवधि २०२६ भित्र सकिन्छ । कम्पनीमा एकपटक पनि फाइल नपुगी रोस्टर अवधि सकिएको भन्दै कोरिया जाने सपना देखेका युवाहरू आक्रोशित छन् ।

■■■

## सीमा...

नेपाली कांग्रेसकी सांसद रेनुका काउचा मगरले नवलपरासीको सुस्ता क्षेत्रमा भारतीय एसएसबीका जवानहरूको गतिविधि बढेको विषय उठाइन् । उनले प्रधानमन्त्री शाहको अभिव्यक्तिपछि सीमा क्षेत्रमा भारतीय पक्ष थप सक्रिय बनेको दाबी गर्दै भनिन्, 'हामीले पनि भारतीय सीमा मिचेका छौं भन्ने अभिव्यक्ति दिएपछि घरीघरी भारतीय एसएसबी सुस्तामा आएका छन् । सायद प्रधानमन्त्रीज्यूले मिचेको सीमाना खोज्न आएका होलान् । जेठ २९ गते पनि आए, सुस्तावासीले धपाए । फेरि आउन नदिन सरकारले के गर्दै छ ?'

उनका अनुसार जेठ २९ गते एसएसबीको टोली सुस्ता क्षेत्रमा प्रवेश गरेको थियो । स्थानीय बासिन्दाले विरोध जनाएपछि उनीहरू फर्किएका थिए । यस्ता गतिविधि दोहोरिन नदिन सरकारले प्रभावकारी कदम चाल्नुपर्ने उनको माग छ ।

सुस्ता क्षेत्र नेपाल-भारतबीच लामो समयदेखि विवादित क्षेत्रका रूपमा चिनिँदै आएको छ । नारायणी नदीको धार परिवर्तनसँगै सीमांकन जटिल बनेको छ भने समय-समयमा दुवै देशका सुरक्षाकर्मी र स्थानीयबीच तनाव सिर्जना हुने गरेको छ ।

यसैबीच दार्चुलाको आकाशमा भारतीय सुरक्षाकर्मी सवार हेलिकप्टर उडेको घटनाले पनि संसद्मा प्रवेश पाएको छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का प्रमुख सचेतक युवराज दुलालले भारतीय हेलिकप्टर नेपाली आकाशमा प्रवेश गरेको विषयमा सरकारसँग स्पष्ट जानकारी माग गरे ।

स्थानीय प्रशासनका अनुसार भारतको इण्डो-टिबेटन बोर्डर पुलिस (आइटिबिपी) का महानिर्देशक शत्रूजित सिंह कपुर सवार हेलिकप्टर दार्चुलाको आकाश हुँदै कालापानी नजिकको गुञ्जी क्षेत्रतर्फ गएको थियो । दुलालले उक्त उडान नेपाल सरकारको अनुमति लिएर भएको हो वा होइन भन्ने विषयमा सरकारको धारणा माग गरेका छन् ।

'नेपाली आकाशमा विदेशी सुरक्षाकर्मी सवार हेलिकप्टर उड्दा सरकार बेखबर थियो कि जानकारीमै थियो ? यदि अनुमति दिइएको हो भने त्यसको आधार के हो ?,' उनको प्रश्न थियो ।

नेपाल र भारतबीच कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्तासहित विभिन्न स्थानमा सीमासम्बन्धी विवाद रहँदै आएको छ । दुई देशबीच सीमा समस्या समाधानका लागि संयुक्त प्राविधिक संयन्त्र र कूटनीतिक संवाद भइरहे पनि पछिल्ला घटनाक्रमले सीमाक्षेत्रमा तनाव बढेको विपक्षी दलहरूको भनाइ छ ।

विपक्षी सांसदहरूले प्रधानमन्त्री शाहले गत जेठ १७ गते संसद्मा 'नेपालले पनि भारतको धेरै ठाउँमा जग्गा मिचेको रहेछ' भन्दै दिएको अभिव्यक्तिलाई सीमा क्षेत्रमा देखिएको पछिल्लो परिस्थितिसँग जोडेर हेरेका छन् । उनीहरूको आरोप छ कि प्रधानमन्त्रीको अभिव्यक्तिले नेपालको आधिकारिक धारणा कमजोर बनाएको छ र भारतीय पक्षलाई थप सक्रिय हुने अवसर दिएको छ ।

यद्यपि बालेन सरकारले यस विषयमा औपचारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन । प्रधानमन्त्री र सम्बन्धित मन्त्रीहरूले संसद्मा विस्तृत जवाफ नदिँदा विपक्षी दलहरू थप आक्रामक बनेका छन् । राप्रपाका सांसद भारत गिरीले सीमावर्ती क्षेत्रका स्थानीय नागरिक नै सीमाका वास्तविक रक्षक भएको उल्लेख गर्दै उनीहरूको सुरक्षा र समस्याप्रति राज्य गम्भीर हुनुपर्ने बताए ।

उनले भने, 'सीमामा बस्ने किसान र स्थानीय नागरिकले वर्षौंदेखि राष्ट्रियताको रक्षा गरिरहेका छन् । उनीहरूका समस्या समाधान गर्न राज्यको उपस्थिति बलियो हुनुपर्छ ।'


## सच्याइएको सूचना

यस प्रभाव दैनिकको वर्ष १३ अंक ५१ जेठ ३० गते २०८३ मा प्रकाशित **Suhasha Link Pvt. Ltd.** को विज्ञापनमा Lot No. 343417 को **Armstrong Technology Sdn Bhd** कम्पनी हुनुपर्नेमा छुट्न गएकोले सच्याइएको व्यहोरा जानकारी गराइन्छ ।

SUHASHA LINK PVT. LTD.
License No.: 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०८०।०२।०७ मा दर्ता भएको प्रा.लि.नं. ३१२९२४ को **फ्रुगल फेसन नेपाल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०८२/०८ /१६ मा दर्ता भएको प्रा.लि.नं. ३७९९१९/०८२/०८३ रहेको **होटल त्रिदेव प्राइभेट लिमिटेड हेटौंडा उ.न.पा.-११, मकवानपुर**, यसका सम्पूर्ण सेयरधनीहरु रहेको मिति २०८३/०२/३१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरू गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका सेयरधनीहरु लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**श्री दुर्ग प्रसाद खनाल, लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं. ५१७ फोन नं. ९८५११२५६००**


### मलेसियामा रोजगार
कम्पनी : HIM HEANG SDN BHD — Address: JALAN BURMAH
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343562 | चलानी नं. ६०२५६८६०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1700 | ६३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
श्रम इजाजत नं. १२७५/०७४/७५
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

### कुवेतमा रोजगार
कम्पनी : AGTHIA GENERAL TRADING & CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/११/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 339601 | चलानी नं. ६०२५३०३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 15 | 15 | 140 | ६९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nepali Light Driver | 20 | 0 | 150 | ७४,०१५ | | | | | | | |
| 3 | Waiter/waitress | 25 | 15 | 135 | ६६,६१५ | | | | | | | |
| 4 | Cleaner Male | 20 | 0 | 110 | ५४,२७५ | | | | | | | |
| 5 | Nepali Heavy Driver | 20 | 0 | 200 | ९८,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

### साउदीमा रोजगार
कम्पनी : NAS MANPOWER SOLUTIONS CO...
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343312 | चलानी नं. ६०२५६८०२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 50 | 0 | 1000 | ४०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HABOUB AL RAMAL TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343579 | चलानी नं. ६०२५६८४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७२,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Nasser International Placement Services Pvt. Ltd.
श्रम इजाजत नं. १९०/०५७/०५८
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

### मलेसियामा रोजगार
कम्पनी : W.C.S FOOD INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343545 | चलानी नं. ६०२५६८५८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operators | 32 | 0 | 1700 | ६३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

### बहराइनमा रोजगार
कम्पनी : GHAREEB EXPRESS RESTAURANT
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343564 | चलानी नं. ६०२५६८८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Grill Maker | 10 | 0 | 150 | ६०,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Juice Maker (Fresh Juice) | 10 | 0 | 150 | ६०,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम इजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

### साउदीमा रोजगार
कम्पनी : BENIN ADEL BIN IBRAHIM AL HAMAD TRADING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343498 | चलानी नं. ६०२५६८१२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf STockers (Female/Male) | 1 | 0 | 1000 | ४०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205
Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

### युएईमा रोजगार
कम्पनी : M.TS Technical Services Co. L.L.C S.O.C
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343537 | चलानी नं. ६०२५६८६३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arc Welder | 4 | 0 | 1600 | ६५,९९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Plumber | 5 | 0 | 1400 | ५७,७४४ | | | | | | | |
| 3 | Brick Layer | 1 | 0 | 1600 | ६५,९९३ | | | | | | | |
| 4 | Central Cooling Equip Operator. | 2 | 0 | 1400 | ५७,७४४ | | | | | | | |
| 5 | Insulation Technician | 5 | 0 | 1600 | ६५,९९३ | | | | | | | |
| 6 | Pipefitter | 5 | 0 | 1600 | ६५,९९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

C. D. HUMAN RESOURCES PVT. LTD.
Govt. License No. 1048/073/074
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262 Mobile: 9708959664, 9707631231, 9804907356 E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

### युएईमा रोजगार
कम्पनी : Trseem General Contracing Llc
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343497 | चलानी नं. ६०२५६८६६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 5 | 0 | 1500 | ६१,८६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 1300 | ५३,६२० | | | | | | | |
| 3 | Mason. | 5 | 0 | 1500 | ६१,८६९ | | | | | | | |
| 4 | Plumber | 5 | 0 | 1500 | ६१,८६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Govt. License 083/053/054
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

### साउदीमा रोजगार
कम्पनी : ABSOLUTE POWER SPORTS CENTER
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343563 | चलानी नं. ६०२५६८५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1200 | ४८,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Kapeel Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १९५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

### बहराइनमा रोजगार
कम्पनी : WESTON CLEANING
पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 311221 | चलानी नं. ६०२३०५५४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 100 | ४०,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763,
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

### साउदीमा रोजगार
कम्पनी : EASTERN FOOD GATE FOUNDATION
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343534 | चलानी नं. ६०२५६८३५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 0 | 1000 | ४०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

दैलेख ओभरसिज प्रा.लि.
Govt. License 1149/073/074
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

### मलेसियामा रोजगार
कम्पनी : RIZ KOPITIAM SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343482 | चलानी नं. ६०२५६८४४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 8 | 0 | 1700 | ६३,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Dulsco Human Resources Pvt. Ltd.
श्रम इजाजत नं. ५००/०६१/०६२
Dhumbarahi-4, Nepal. Tel: +977- 014547688, Gopal Thapa Magar (980-3061585), Gyanu Dahal (981-8582218)
Email: dulscohr500@gmail.com, info@dulscohr.com.np, Web: www.dulscohr.com.np

# परराष्ट्रमन्त्री खनाल र सिपिसीका नेता लिउबीच भेटवार्ता



**काठमाडौं (प्रस)**– चीनको औपचारिक भ्रमणमा रहेका परराष्ट्रमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का विदेश विभाग प्रमुख शिशिर खनाल र चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउ हाइसिङबीच भेटवार्ता भएको छ ।

उनहरूबीच सोमबार बेइजिङमा भेटवार्ता भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । भेटपछि मन्त्री खनालले खुसी व्यक्त गर्दै सो अवसरमा नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको सामाजिक सञ्जाल एक्समा उल्लेख गरेका छन् ।

नेताद्वयबीच रास्वपा र सिपिसी सहकार्य तथा दुवै देशका जनताबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको जनाइएको छ ।

मन्त्री खनाल आफ्ना चिनियाँ समकक्षी वाङ यीको निमन्त्रणामा आइतबारदेखि चीन भ्रमणमा छन् ।

# विद्यालय र सामुदायिक अध्ययन केन्द्रमा कामपाको स्वास्थ्य सेवा

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले विद्यालय र सामुदायिक अध्ययन केन्द्रलगायतका स्थानमा स्वास्थ्यकर्मीसहितको प्राथमिक स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा लागू गर्ने उद्देश्यअनुरूप सो कार्यक्रम लागू हुन लागेको हो । पहिलो चरणमा दिवा शिशु स्याहार केन्द्र स्थापना तथा सञ्चालन गर्ने र विद्यालय शिक्षालाई अनुसन्धानमूलक बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने उल्लेख छ ।

विद्यार्थीको सृजनशील सिकाइ र सीप विकासका लागि विद्यालयमा सीप तथा सृजनात्मक शुक्रबार कार्यक्रम सञ्चालन गरी पाठ्यक्रममा आधारित खेलकुदलगायत अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गरिने कार्यक्रममा जनाइएको छ ।

महानगरले सबैका लागि शिक्षा तथा समावेशी शिक्षाको सुनिश्चित गर्न अटिजम, डाउन सिण्ड्रोमलगायत अपांगता भएका तथा जोखिममा रहेका बालबालिकाका लागि विशेष विद्यालय, ज्येष्ठ नागरिक तथा गृहिणी विद्यालय र वैकल्पिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गरी अन्तरपुस्ता क्रियाकलापलाई प्रवर्द्धन गर्ने पनि जनाएको छ ।

यसैगरी, विद्यालयको असल अभ्यास तथा अनुभव आदानप्रदान गर्न विद्यालय-विद्यालय साझेदारी कार्यक्रम सञ्चालन गर्ने, भाषा, संस्कृति, सम्पदा, पर्यटन र प्राविधिक विषयमा विशेषज्ञ जनशक्ति उत्पादन गर्न काठमाडौं महानगरपालिकाले स्वनिगः विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्न नेपाल सरकारसँग समन्वय गर्ने, खेलाडीलाई ऊर्जाशील तथा व्यावसायिक बनाउन महानगरले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहजीकरण गर्ने साथै खेल प्रतिभा पहिचान गरी सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रममा उल्लेख गरिएको छ ।

# भ्रष्टाचारको अभियोगमा मुद्दा दायर

**काठमाडौं (प्रस)**– अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सुर्खेतको भेरीगंगा नगरपालिकास्थित साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्षसमेत तीन जनाविरुद्ध सार्वजनिक सम्पत्तिमा हानि पुऱ्याएको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ । वन उपभोक्ता समितिका पदाधिकारीले आर्थिक वर्ष २०७८/७९ मा रुख कटान गरी बेचविखन गर्दा रकम हिनामिना गरेको पाइएको आयोगले जनाएको छ । साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष लोकबहादुर महतारा, सचिव मानकुमारी पौडचाल र कोषाध्यक्ष दलबहादुर बुढाको मिलेमतोमा अनियमितता भएको जनाउँदै अध्यक्ष महतारा, सचिव पौडचाल र कोषाध्यक्ष बुढाविरुद्ध समान सात लाख १५ हजार रूपैयाँबराबरको बिगो कायम गरी आयोगले मुद्दा दायर गरेको छ ।

उनीहरूविरुद्ध बिगोबमोजिम जरिवाना र कैद सजायको माग गरेको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति २०८३/०३/०२ गते**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०४/१९ मा दर्ता कायम भएको **साईबाबा सप्लायर्स प्रा.लि.**(प्रा.लि.नं. ८५२४२/०६८/०६९) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०३/०१ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ** (लिक्विडेटर)
इजाजत प्रमाण पत्र नं.४०४, सम्पर्क नं.९८५१२१७००४

## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/०२**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Rara Employment Consult (P). Ltd. (ई.प.नं. २१/०४८/४९) ले** यस विभाग समक्ष झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ०५ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०३/०१ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७८।१०।०४ मा दर्ता भएको प्रा.लि.नं. २८१७०६ को **पालुवा मल्टिपर्पोज कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०१।०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/०१ मा दर्ता भएको **प्रा.लि.नं. १९८८४२/०७५/०७६** को **रकोन टेक्नोलोजिज प्रा. लि.** को मिति २०८३/०३/०१ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटर: रमेश हरि अधिकारी, इजाजत पत्र नं. ५४७, सम्पर्क ९८४२६३८३६७**

## नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/१०/११ मा दर्ता भएको **प्रा. लि. नं. ३२७९४३** को **केयर क्वेस्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको

### विदेशी शाखा/सम्पर्क कार्यालय खारेजी सम्बन्धी सूचना

यस कार्यालयमा दर्ता भएको प्रा.लि.नं. १२४६ को **फिडब्याग इन्फ्राष्ट्रक्चर सर्भिसेज नेपाल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०१।०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १५८ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/०२ मा दर्ता कायम भएको **लक्ष्मी कालिका निर्माण सेवा प्रा.लि.** (**प्रा.लि.नं.** २२१६४७/२०७६/०७७) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०३/०१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

## ओमनमा रोजगार

कम्पनी : YAHYA SAID AL MASRORUI TRAD

पूर्व स्वीकृति मिति : २०८३/03/01 | LT. No. 343529 | चलानी नं. ६०२५६८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 150 | ५९,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इप.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 981-3048932 (Abdullah Asurdin Miya), E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/03/01 | LT. No. 343493 | चलानी नं. ६०२५६८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 1000 | ४१,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८४९/०८२/८३
**BARQ LINK MANPOWER PVT. LTD.**
Gurans Galli, Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Tel: 01-5929830, Cell : 9860739830
E-mail: info@barqlinkmanpower.com, Website: www.barqlinkmanpower.com

## साउदीमा रोजगार

कम्पनी : SUPPORT INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/३१ | LT. No. 343470 | चलानी नं. ६०२५६८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 8 | 0 | 1000 | ४०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०३/०६४/०६५
**BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.**
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com

## कुवेतमा रोजगार

कम्पनी : GULF SECURITY COMPANY — शहर : Qibla, Block 12, Fahad Al-Salem, Qibla Internation

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 339497 | चलानी नं. ६०२५२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 44 | 0 | 130 | ६४,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ९ गते (23 June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
**DEEP JYOTI MANPOWER SERVICE PVT LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

## कतारमा रोजगार

कम्पनी : SUNLIGHT CLEANING & CONTRACTING W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343499 | चलानी नं. ६०२५६८१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Plumbers | 3 | 0 | 1200 | ४९,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 3. | Driver | 1 | 0 | 1700 | ७०,५९३ | | | | | | | |
| 4. | Foreman | 2 | 0 | 2500 | १,०३,८१३ | | | | | | | |
| 5. | PLUMBER GENERAL | 3 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 6. | Receptionist | 0 | 1 | 2100 | ८७,२०३ | | | | | | | |
| 7. | Scaffolding Labor | 1 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 8. | Stone Mason | 4 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 9. | Stone Mason Assistant | 3 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 10. | Supervisor | 2 | 0 | 2500 | १,०३,८१३ | | | | | | | |

कम्पनी : EJLAL TRADING CONTRACTING & SERVICES W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343500 | चलानी नं. ६०२५६८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Plumber | 1 | 0 | 1200 | ४९,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 3. | Foreman | 1 | 0 | 2500 | १,०३,८१३ | | | | | | | |
| 4. | General Plumber | 1 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 5. | Scaffolding Fixer | 2 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 6. | Stone Mason | 1 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 7. | Stone Mason Assistant | 1 | 0 | 1200 | ४९,८३० | | | | | | | |
| 8. | Supervisor | 1 | 0 | 2500 | १,०३,८१३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ९ गते (23 June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## कुवेत/बहराइनमा रोजगार

कम्पनी : BANGS SALON FOR LADIES BEAUTY CO

पूर्व स्वीकृति मिति : २०८२/०९/१० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 334508 | चलानी नं. ६०२४८२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | 150 | ७४,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 3 | 150 | ७४,०१४ | | | | | | | |

कम्पनी : ELLIAN SALON BEAUTY

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 338644 | चलानी नं. ६०२५२२८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | 150 | ६०,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMORY BEAUTY HOUSE AND SPA

पूर्व स्वीकृति मिति : २०८२/०८/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 333035 | चलानी नं. ६०२४८६७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | 150 | ६०,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website: chinarioverseas.com
Govt. License 1165/073/074

## युएइमा रोजगार

कम्पनी : DAR RABDAN CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343568 | चलानी नं. ६०२५६८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 15 | 0 | 1000 | ४१,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 0 | 1 | 1500 | ६१,८७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067
**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

## युएइमा रोजगार

कम्पनी : VERTIS LEAD TECHNICAL SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343566 | चलानी नं. ६०२५६८५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 16 | 0 | 1500 | ६१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 18 | 0 | 1500 | ६१,८७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ९ गते (23rd Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1047/073/74
**YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)**
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Tridev Traders Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-26Y01 | N/A | CHINA | PCS | 7,850.00 | 12,100.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-26Y02 | N/A | CHINA | PCS | 7,870.00 | 12,150.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-26Y03 | N/A | CHINA | PCS | 8,050.00 | 12,400.00 | |

बिक्रेताको फर्मको नाम: **Tridev Traders Pvt. Ltd.** | स्थायी लेखा नं: **602397146**
ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** | फोन नं: **9851071012**

## यलुङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**का.म.न.पा. ०६ वौद्ध, रामहिटि फोन नं.:- ०१-४८१२८९१**

### ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस यलुङ वचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित व्याक्तिहरूले विभिन्न समयमा लिनुभएको कर्जाको साँवा, व्याज, तथा हर्जना लगायतका रकम शर्त बमोजिम समय समयमा संस्थामादाखिला गर्नुपर्नेमा हाल सम्म पनि नतिरी नवुझाई कर्जा सम्वन्धी शर्त बन्देज उल्लघंनगर्नु भएको र सो सम्वन्धमा पटक पटक मौखिक, लिखत, घर मैपुगी तथा टेलिफोनबाट जानकारी गराउदा समेत सो कर्जाको सम्पूर्ण रकम हाल सम्मम पनि चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नुभएकोले यो सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नुबुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तानी गर्नुहोला । तपसिलमा उल्लेखित तपाई ऋणीहरूले उक्त समय सिमा भित्रमा तपाईहरूको नाममा यस सस्थामा वाँकी रहेको कर्जा असुल नभएमा वा नगर्नु भएमा सहकारी ऐन २०७४, नियमावलि २०७५, सस्थाको ऋण निती मा उल्लेख भए अनुसार तपाई ऋणी, उक्त कर्जा जारिहुदाका वखत उक्त कर्जाको धनजमानी साथै तपाई ऋणीको एकाघरको परिवारको नाममा रहेको चलअचल श्री सम्पत्तिबाट कानुनले दिएको अधिकारको प्रयोग गरि तपाईको नाममा रहेको बाँकी ऋण असुलउपर गर्नकोलागि कानुनी प्रकृया अगाडि वढाईने छ ।

| क्र.स. | ऋणीको विवरण | ऋणीको स्थाई ठेगाना | उक्त कर्जाको धन जमानिको विवरण | ऋण जारिभएको मिति |
|---|---|---|---|---|
| १. | कान्छी दाडोमा शेर्पा | दोलखा, श्यामा ०८ ना.प्र.न४४८४४ दोलखा | १. सृजना राई, ईलाम ईरौटार<br>२.डुक्लमु शेर्पा, दोलखा जिरी न.पा २ | २०७७ कार्तिक १८ |
| २. | अप्सरा खड्का | सुनसरी, भरौल ०४ ना.प्र.न. ६१०३२/१३७४९३ | १. पेमा शेर्पा, जिरी न.पा. ०२<br>२. शुष्मा कडेल, वारा दमारवन ०४ | २०७७ चैत २७ |
| ३. | एलिना मोक्तान | सिन्धुपाल्चोक, अत्तरपुर, ना.प्र.न. २४३०२१/२१० | १. सोम वा. तामाङ, दोलखा, कटाकुटि | २०७५ असार ०६ |
| ४. | कर्मा शेर्पा | दोलखा जिरी ०६, ५४५/९१४३ | १. साङ्गे डोल्मा शेपा, दोलखा जिरी ०४<br>२. जिमा शेर्पा, दोलखा जिरी ०५ | २०७५ भदौ ०६ |
| ५. | श्रीकुमार सिं गनगाई | मोरङ, डाईनिया ०७ न.प्र.नं. २८६३ | १. श्रीराम ढुंगाना, काठमाण्डौं ०९ | २०७० असोज १२ |
| ६. | उमा कुंवर | रुपन्देही ख. वनगाई ०२, ना.प्र.न.,३७ २८/५६०३३ | १. सन्देश घतानी, सुरी ०१<br>२. वकिल नेपाली, सिन्धुली, मरिण ५ | २०७९ भदौ ३१ |
| ७. | सबिन खड्गी | काठमाण्डौं मैतिदेवी ३०, ना.प्र.न. २७-०१-७४-०१६६७ | १. पेमा शेर्पा, जिरी न.पा. ०२<br>२.अदित नेपाली काठमाण्डौं २९ | २०७९ असोज २५ |
| ८. | नर वहादुर दर्जी | खोटाङ,दिक्तेल रुपाकोट ०६ ना.प्र.न. १२-०१-७७-०१४७८ | १.कल्पना दर्जी, खोटाङ ०६<br>२. प्रेम कु. परियार खोटाङ ०१ | २०७९ असोज १० |
| ९. | वकिल नेपाली | सिन्धुली मरिण ०५ ना.प्र.न.,२०-०१-७४-०५०३६ | १.रविना परियार, धादिङ, ०९ धुनिबेंसी<br>२.खड्ग वहादुर थापामगर नुवाकोट हल्देकालिका | २०७९ माघ ०५ |
| १०. | वाईली तामाङ | नुवाकोट सुनखानी ०४ ना.प्र.न. ९७१९३ | १. वुद्ध सिं तामाङ, भोजपुर ०७<br>२. कल्पना मगर सोलुखुम्वु, दुधकुण्ड | २०७८ पुष १६ |
| ११. | निर्मला विश्वकर्मा | सुनसरी, धरान ना.प्र. न. १२३२३/७६६२/०४४ | १. सुन्तली सुनार वु.न.पा. ११ कपन<br>२. सुरेस सुनार सिं.पा. ३ गुन्सा | २०७९ भदौ ३० |
| १२. | सुन्तली सुनुवार | मकवानपुर, ३ हटिया ना.प्र.न. ३११०१३/४७२१४ | १. कविता विश्वकर्मा, उदयपुर बेल्टार ४<br>२. निर्मला कर्ण झापा शिवगन्ज ९ | २०७९ पुष ०६ |
| १३. | राज कुमार विष्ट | नेपालगंज ना.प्र.न. २३१९ | १. गोमा विष्ट का.म.न.पा. ०६ | २०८० असार ३१ |
| १४. | केशर कुमार सुनुवार | ओखलढुंगा, खिजिदेम्वा, ०४ ना.प्र.न.,१६४७२/२४० | १. अफ्रिका राई खोटाङ दुर्छिम ०४<br>२. नेत्र वा. बुढा आछाम लयाटी ०६ | २०७९ फागुन ०५ |
| १५. | डोमा शेर्पा | रामेछाप ठोसे ०४ ना.प्र.न. ६१९८० | १. पेमा शेर्पा जिरी न.पा. ०२<br>२. सोनाम शेर्पा रामेछाप, ठोसे | २०७९ माघ २२ |
| १६. | पासाङ छेकी शेर्पा | दोलखा जिरी न.पा. २ ना.प्र.न. २२-०१-७४-०१३८७ | १. पेमा शेर्पा जिरी न.पा. ०२<br>२. रोहित माया सुसलिङ | २०८० असार ३१ |
| १७. | शर्मिला कुमारी लामा | सिन्धुली मझुवा ७ ना.प्र.न. ५५८/२००२७ | १. सुवास योन्जन रामेछाप मन्थली ०६ | २०८१ पुष ०९ |
| १८. | मनोज कुमार ठाकुर | मोरङ रंगेली अमरदह ०७ ना.प्र.न. ९१९९ | १. मंगल माया तामाङ भोजपुर वोया ०६,<br>२. सोनिया ठाकुर, मोरङ, सुनवर्सि न.पा. ४ | २०८१ श्रावण ३२ |
| १९. | दिल कुमार शाहि | काठमाडौं, ०५ ना.प्र.न. ४८५३ | १. ज्ञानकाजी शाहि का.म.न.पा. १<br>२. पुर्ण शाहि का.म.न.पा. १ | २०७९ असार ३१ |
| २०. | श्रृजना भट्ट | सुर्खेत विरेन्द्रनगर १० ना.प्र.न. ७८२२५ | १. नवराज गुरुङ दोलखा ओराङ ६<br>२. शम्भु खरेल रुपन्देहि दयानगर ०९ | २०७८ असोज ०८ |
| २१. | सन्तोष सुनार | नुवाकोट दुप्चेश्वर ७ ना.प्र.न. २५१०१९-४०४९ | १.राधिका सुनार, नुवाकोट दुप्चेश्वर ७<br>२. दिपेश सुनार नुवाकोट समुन्द्रटार ५ | २०७९ जेठ ०९ |
| २२. | लामाज् स्टोरका संचालक अजय वल | रामेछाप, पिङ्खुरी ०९ ना.प्र.न. २११०३९/१२४९७ | १. मौसम परियार सिन्धुपाल्चोक थाङपाल ०५<br>२. मनोज तामाङ नुवाकोट, सुर्यमति ०९ | २०७८ असोज ११ |
| २३. | विनय राई | खोटाङ, महादेवस्थान ०६ ना.प्र.न. ७४७७/छुट | १. सिर्जना गुरुङ वारा जितपुर सिमरा ०२<br>२. आङदी शेर्पा दोलखा झ्याकु ०२ | २०७८ मंसिर २० |
| २४. | सावित्रा राई | मोरङ अमरदह ५ ना.प्र.न. ०५२००१/२१०६ | १. दावा बम्जन सिन्धुली, हरिहरपुरगढी ७<br>२. काईली लामा काठमाण्डौं लप्सेफेदी ५ | २०८० माघ २८ |
| २५. | सुन्तलीमाया गुरुङ | रौतहत चन्द्रनिगाहापुर ९ ना.प्र.न. ३२२०६२/५०४८ | १. चित्र कुमारी गुरुङ रौतहत गुजरा २<br>२. सन्जिव तामाङ सिन्धुपाल्चोक लिसंखुपाखर ३ | २०८० भदौ २४ |
| २६. | तेन्जिङ शेर्पा | दोलखा श्यामा ५ ना.प्र.न. १६७८/७३० | १. परमेश्वर प्रसाद वानिया, का.म.न.पा. ०६ वौद्ध | २०८१ असार १३ |
| २७. | वामेश्वर बुढाथोकी | दोलखा, कालिन्चोक ५ ना.प्र.न. २२ ३०१९/४ | १. रन्जु खुलाल दोलखा खोपाचागु ०६<br>२. भिम वहादुर गुरुङ संखुवासभा मावादिन ९ | २०८१ असार २७ |
| २८. | जमुना रसैली | पर्सा सुवर्णपुर ६ ना.प्र.न. ३४१०७७/४१ | १. सिता घिमिरे का.म.न.पा. ०६ वौद्ध | २०८१ असार ३१ |
| २९. | पुर्ण शाहि | काठमाण्डौं, गोकणेश्वर ना.प्र.न. ९३४७ | १. राजेश शाहि, काठमाडौं जोरपाटि<br>२. ज्ञानकाजी शाहि काठमाडौं गोकणेश्वर | २०७३ वैशाख ३० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विस्थापित सुकुमबासीलाई राहत होइन स्थायी आवास

काठमाडौं उपत्यकाका विभिन्न सुकुमबासी बस्तीहरूमा डोजर चलाएर हजारौं नागरिकलाई सडकमा पुऱ्याएको डेढ महिना बितिसक्दा पनि वालेन्द्र शाह नेतृत्वको सरकारले उनीहरूको स्थायी व्यवस्थापनका लागि कुनै ठोस कदम चाल्न सकेको छैन । उल्टै, विस्थापितहरूलाई अस्थायी आश्रयस्थल (होल्डिङ सेन्टर) बाट समेत धपाउने प्रपञ्च रचिनु अत्यन्तै खेदजनक र अमानवीय कार्य हो । सरकारले विस्थापित परिवारलाई एकमुष्ट ७० हजार रूपैयाँ राहत रकम दिएर आश्रयस्थल खाली गराउने जुन नीति अघि सारेको छ, त्यसले राज्य नागरिकको अभिभावकीय दायित्वबाट पन्छिन खोजेको स्पष्ट पार्छ । सुकुमबासी समस्याको दीर्घकालीन समाधान राहतको रकम बाँडेर समाधान हुँदैन, उनीहरूको स्थायी आवास र पुनर्स्थापना सुनिश्चित गरिनुपर्छ ।

नागरिकलाई आवासविहीन बनाउनु भनेको उनीहरूको बाँच्न पाउने मौलिक हकमाथि प्रहार गर्नु हो । मध्य वैशाखको चर्को गर्मीमा विनाकुनै ठोस विकल्प बस्ती भत्काइँदा हजारौं बालबालिकाको पढाइ छुटेको छ, बिरामीहरू उपचारबाट वञ्चित भएका छन् र श्रमजीवी वर्गको रोजगारी गुमेको छ । यस्तो संवेदनशील अवस्थामा गृहमन्त्रीले 'नीतिगत व्यवस्थापनका लागि समय चाहिने' भन्दै माफी माग्नु र अर्कोतर्फ कर्मचारी खटाएर आश्रयस्थल खाली गराउन दबाब दिनु सरकारको दोहोरो चरित्र हो । ७० हजार रूपैयाँले आजको महँगीमा काठमाडौं उपत्यकामा कति दिन गुजारा चल्छ ? यो रकम सकिएपछि ती परिवार फेरि कहाँ जाने ? के उनीहरूलाई पुनः सडकमै वा बागमतीकै किनारमा फर्कन बाध्य पारिँदै छ ? यी प्रश्नहरूको जवाफ सरकारसँग छैन ।

अझ उदेकलाग्दो कुरा त के छ भने, विस्थापितहरूको व्यवस्थापनमा सरकारी निकायहरूबीच नै घोर समन्वय अभाव र अन्योल देखिन्छ । बागमती सभ्यता एकीकृत विकास समितिले ११ हजारभन्दा बढी विस्थापित भएको दाबी गरिरहँदा प्रधानमन्त्री कार्यालयको तथ्यांकमा जम्मा एक हजार ४८८ जनामात्र देखिनुले सरकारको तथ्यांक प्रणाली कति फितलो छ भन्ने प्रस्ट पारेको छ । ६० दिनभित्र डिजिटल लगत संकलन गर्ने र एक हजार दिनभित्र भूमिहीनको समस्या समाधान गर्ने महत्त्वाकांक्षी नारा बाँडेको सरकार गठन भएको यतिका दिन बितिसक्दा पनि भूमि समस्या समाधान समितिको कार्यविधिसम्म बनाउन असफल भएको छ ।

सरकारले बुझ्नुपर्छ, सुकुमबासी समस्या केवल एउटा प्रशासनिक वा प्राविधिक मुद्दा होइन, यो गम्भीर सामाजिक र मानवीय सवाल हो । नागार्जुनको अपार्टमेन्ट वा राधास्वामी आश्रमजस्ता संरचनाहरूलाई अस्थायी होल्डिङ सेन्टरमात्र बनाएर विस्थापितलाई सडकमा छोड्नु राज्यको लाचारी हो । तसर्थ, सरकारले राहत रकमको प्रलोभन देखाएर होल्डिङ सेन्टर खाली गराउने आत्मघाती निर्णय तत्काल रोक्नुपर्छ । वास्तविक भूमिहीन र सुकुमबासीको तुरुन्तै प्रमाणीकरण गरी उनीहरूलाई स्थायी आवास, बालबालिकाको शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गरिनुपर्छ । लहडका भरमा डोजर चलाएर नागरिकलाई सडकमा पुऱ्याउने तर पुनर्स्थापनाको पाटोमा आँखा चिम्लिने छुट सरकारलाई छैन ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।

# समाजवादी व्यवस्थामा आर्थिक न्याय



❑ गम्भीरबहादुर हाडा

समाजवाद शब्दको उत्पत्ति ल्याटिन भाषाको 'सोसियस' शब्दबाट भएको हो । यसको अर्थ समाज हो । यसको मुख्य लक्ष्य समाजको सुधार गर्नु हो । समाजवादको जन्म पुँजीवादको अन्तरविरोधीको कारणबाट भएको हो । समाजवादको आधारभूत स्वरूपचाहिँ समाजको उन्नतिका लागि आर्थिक अवसर सिर्जना गरेर आर्थिक न्याय प्रदान गर्नु रहेको छ । यसको मतलब सबै जनताले समान आम्दानी गर्नुपर्दछ भन्ने होइन किनभने उत्पादनमा उत्साह जगाउने हो भने उत्पादकहरूलाई ध्यान दिनै पर्छ । त्यसैले आयमा समानता भन्नुको अर्थ आयको अन्तरलाई ज्यादै साँघुरो पार्नुमात्र हो । अतः समाजवादमा आयको असमान वितरण पुँजीवादमाभन्दा बढी अंकुश लगाइएको हुन्छ ।

खास भन्ने हो भने समाजवाद त्यो आन्दोलन हो, जसले निजी पुँजी र त्यसमाथिको प्रभुत्व सत्ता खाली गरी व्यक्तिगत जोखिम र प्रतिस्पर्धा हटाई यसको ठाउँमा समानता त्यो पनि आर्थिक समानता कायम गरी शोषण बन्द गर्न चाहने एउटा युगको माग हो भनेर भन्न सकिन्छ । यसबाट नै देशले राम्ररी उत्पादन गर्न सक्दछ । समाजवादको बारेमा वरट्रेण्ड रसेलसमेतले पनि उत्पादनको वितरणको पक्ष लिएर समानरूपको वितरणलाई बढी जोड दिएको पाइन्छ ।

समाजवादको रूप विश्वव्यापी छ । यसको लक्ष्य निजी सम्पत्ति नहुनु हो । निजी सम्पत्तिलाई यस व्यवस्थामा छुट छैन । समाजवाद एक अमूर्त ठोस सैद्धान्तिक, व्यावहारिक, आदर्शवादी, भौतिकवादी हुनाको साथै अति प्राचीन र पूर्ण आधुनिकता दुवैको संगम हो । यसमा एक कोरा भावनादेखि एक स्पष्ट धर्म, एक धार्मिक नियम, एक आर्थिक प्रणाली, एक ऐतिहासिक तह र एक न्यायिक सिद्धान्तको रूपमा मानिएको छ । यसप्रकार समाजवादको रूप विश्वव्यापी छ । लक्ष्य निजी सम्पत्ति नहुनु हो । यस व्यवस्थामा समाजको सांस्कृतिक, राजनीतिक र आर्थिक तत्वहरूसँग मिलेर रहेका हुन्छन् । समाज जस्तो छ, त्यस समाजको सांस्कृतिक परम्परामा पनि त्यसैको प्रतिविम्ब हुन्छ ।

समाजवादी व्यवस्थाको मुख्य आधार आर्थिक व्यवस्था हो । यसको केन्द्रीय समस्या आर्थिक नै हो । आर्थिक तत्वको चारैतर्फ राजनीतिक, सामाजिक, सांस्कृतिक धार्मिक तथा अन्य तत्वहरूको घेरा हुन्छ । त्यस्तो महत्त्वपूर्ण केन्द्रीय आर्थिक समस्याको मुख्य लक्ष्य समाज कसरी उपलब्ध आर्थिक वस्तुहरूको उत्पादन, वितरण उपभोग गर्न चाहन्छ, त्यसरी नै ती आर्थिक क्रियाकलापहरूको सञ्चालन गर्नु हो ।

विश्वमा देखिने राजनीतिक तथा सामाजिक घटनाहरूको जन्म आर्थिक कारणद्वारा नै हुने कुरा ऐतिहासिक तथ्यद्वारा सावित गरेको छ । कार्लमार्क्सले इतिहासलाई क्रमबद्ध तथा तर्कसंगत ढाँचाबाट हेर्ने गरेका छन् । ऐतिहासिक घटनाको मुख्य कारण आर्थिक तत्व हो । सम्पन्न व्यक्तिबाट कमजोर व्यक्तिलाई शोषण गरिन्छ र यो नै वर्ग संघर्षको जड या मुल कारण हो भन्नु पर्दछ । ऐतिहासिक ढंगबाट मार्क्सले इतिहासको भौतिक व्याख्या गरेका छन् । अर्को, मार्क्सले पुँजीपतिहरूद्वारा श्रमिक वर्गलाई शोषण गरिरहेका छन् भन्ने विषयलाई मूर्त रूप दिने कार्य अतिरिक्त मूल्यको सिद्धान्तलाई बढी महत्त्व दिएका छन् । यस सिद्धान्तको मूल उद्देश्य पुँजीपतिले श्रमजीवीहरूको श्रमको शोषण कसरी गर्दछन् भन्नेबारे सर्वसाधारणमा स्पष्ट गर्नु हो । तर मार्क्सको सिद्धान्तलाई पनि धेरै आधुनिक विचारकहरूले आलोचना गरेका छन् । कार्लमार्क्सले भविष्यवाणी गरेझैं राष्ट्रिय आम्दानी बढेपछि ज्याला घटेको पाइँदैन र पश्चिमी युरोप तथा संयुक्त राज्य अमेरिकामा श्रमिक वर्गको रहनसहनको स्तरमा सुधार भएको छ ।

समाजवादले उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व र व्यवस्थापनलाई लागू गर्दछ तर समाजवादमा मूल्य र बजारको स्थापना हुँदैन । यस व्यवस्थाले उपयोग र कृषिलाई राज्यको हातमा राख्छ तर उपभोग्य वस्तुउपर निजी स्वामित्वलाई खल्बल्याइरहन्छन् । प्रत्येक व्यक्ति आफूले चाहेअनुसारको उपभोग्य वस्तु रोज्न स्वतन्त्र हुन्छ । यस व्यवस्थाअन्तर्गत राज्य केन्द्रीय सत्ताको रूपमा कार्य गर्दछ । राज्यको आज्ञाअनुसार नै देशमा उत्पादन, उपभोग र वितरण प्रणालीको व्यवस्था गरिएको हुन्छ । उद्यमी वा लगानीकर्ता वा 'साहसी'को कार्य राज्य आफैं गर्दछ । साहसीले उत्पादनका सबै साधनहरूलाई एकत्रित गर्दछ र उत्पादन गरिन्छ तथा सबै साधनहरूले उचित पुरस्कार लिएपछि जुन वचेको हुन्छ, त्यही राज्य संगठन रहन्छ । राज्यले यसरी प्राप्त गर्ने लाभलाई लोकहित कार्यहरूमा खर्च गरिन्छ, राज्य त्यो केन्द्र हो, जसबाट समाजवादी व्यवस्थाको सिद्वान्तलाई व्यवहारमा ल्याउने कार्य गर्दछ ।

उत्पादनका सबै साधनहरूमा व्यक्तिगत अधिकार हुँदैन, व्यक्ति समाजको अधिकार हुन्छ । उत्पादनका सबै साधन समाजका प्रतिनिधि राज्यद्वारा नियन्त्रित गर्ने गरिन्छ भने समाज अधिकारको सिद्वान्तअनुसार प्रतिफलको वितरण गरिन्छ । राज्यद्वारा उत्पादन, लाभ प्राप्त गर्ने दृष्टिबाट नगरेर जनहितको दृष्टिबाट गरिन्छ । समाजवादी अर्थव्यवस्थामा आर्थिक नियोजनका महत्त्वपूर्ण स्थान प्राप्त भएको हुन्छ । किनभने समाजवादको सफलता आर्थिक नियोजनमा नै आधारित हुन्छ । राज्य आफ्नो निश्चित् र निर्धारित नीतिका आधारमा केही प्रमुख विषयहरूको प्रमुखता दिएको हुन्छ र त्यसैको आधारमा देशमा उत्पादन, उपभोग, वितरण र विनिमय गरिन्छ ।

आर्थिक नियोजन गर्ने काम राज्य आफैं गर्दछ । समाजवादमा समाज पूर्णतया वर्गसहित हुन्छ । यस व्यवस्थामा न त कुनै व्यक्ति मालिक हुन्छ न त कुनै व्यक्ति नोकर हुन्छ । यस्तै प्रकार न कुनै पुँजीपति नै हुन्छन् । हरेक व्यक्तिलाई आफ्नो उन्नति गर्न समान अवसर र अधिकार प्राप्त हुन्छ । यसबाट स्पष्ट हुन्छ कि समाजवादी समाजमा जन्मजात कुनै अधिकार र पद हुँदैन तर प्रत्येक व्यक्ति आफ्नो प्रतिभा र योग्यताद्वारा माथिल्लो पद प्राप्त गर्न सकिन्छ । व्यक्तिगत सम्पत्तिको अधिकार नहुनुको कारणले गर्दा समाजमा विस्तार विस्तारै असमानता समाप्त भएर समानता पैदा हुन्छ र सम्पूर्ण समाज एक वर्गरहित समाजमा परिणत हुन्छ ।

समाजवादी व्यवस्थामा वर्गरहित समाज हुन्छ । सबै मानिस समान हुन्छन् र व्यक्तिगत पुँजी तथा सम्पत्ति राख्ने अधिकार हुँदैन । कुनै पनि व्यक्तिले परिश्रम नगरी कुनै प्रकारको प्रतिफल प्राप्त गर्न सक्दैनन् । समाजवादमा शोषणको कुनै स्थान प्राप्त हुँदैन । अतः कुनै व्यक्तिद्वारा गरेको परिश्रमको फलको उपभोग अरु व्यक्तिले गर्न सक्दैन । समाजवादी अर्थव्यवस्थामा प्रतिस्पर्धा गर्न सम्भव हुँदैन । उत्पादनका सबै साधनहरूमा राज्यको अधिकार हुन्छ । राज्य आफैं साहसी र पुँजीपतिको कार्य गर्दछ र सम्पूर्ण उत्पादनको व्यवस्थाको कार्य सञ्चालन गर्दछ । उत्पादनसँग सम्बन्धित व्यवस्था विभिन्न संस्थाहरू जस्तोः यातायातको साधन, बैंक, बिमा आदि सबैको राष्ट्रियकरण गरिन्छ । यसप्रकार यस व्यवस्थामा कुनै प्रकारको प्रतिस्पर्धा हुँदैन ।

यस व्यवस्थाले आफ्नो श्रमबाट कमाउने धनलाई मात्र राख्न पाइने अधिकार तथा अनुमति दिइन्छ । तर यसको मतलब निजी सम्पत्तिको स्वामित्व पूरा हटाउने होइन । यस व्यवस्थामा सबै मानिसहरूलाई लुगा, फर्निचर, घर आदि राख्ने मौका दिइएको हुन्छ । तर देशको भूमि र मौलिक भारी उपयोगमा राज्यको स्वामीत्व हुन्छ । पुँजीवादी अर्थव्यवस्थामा श्रमिक र पुँजीपतीमा पारस्परिक सहयोग नहुनुको कारणले गर्दा मजदुर र पुँजीपती वर्ग दुई भागमा विभाजित हुन जान्छ । यस व्यवस्थामा मानव-मानवमा असमान व्यवहार हुन्छ र पुँजीपतीले श्रमिक वर्गलाई शोषण गर्ने कार्य गर्दछ । तर समाजवादी व्यवस्थामा यस किसिमको शोषण र भेदभाव कहिल्यै हुँदैन । किनभने यस व्यवस्थाले सबैलाई समान व्यवहार गर्दछ र धनी, गरिब, ठूलो, सानो सबैलाई समान किसिमले व्यवहार गर्दछ र मानव समानताको उद्देश्य र अर्थ मानसिक योग्यताको समानता होइन ।

समाजवादी अर्थव्यवस्थामा सम्पूर्ण अर्थव्यवस्थाको कार्यान्वयन सरकारद्वारा नियन्त्रित हुन्छ र सम्पूर्ण कार्यहरू सार्वजनिकरूपमा हुन्छन् । अतः सार्वजनिक क्षेत्रले राष्ट्रिय आयको अधिकांश भागको उत्पादन र उपभोग आफैंले गर्ने हुन्छ र अर्थव्यवस्थाका मूल बिन्दुहरू पनि सरकारी नियन्त्रणमै रहेको हुन्छ । अतः समाजवादीहरू अर्थव्यवस्थामा बचतको निर्माण र सरकारी बजेट तथा सरकारी कार्यहरूद्वारा नै गरिने हुन्छ । केन्द्रीकृत योजनाबाट अर्थव्यवस्थामा सरकारी बजेट नै त्यो हतियार हो, जसले प्रत्यक्ष रूपमा अर्थव्यवस्थाको प्रत्येक कार्यक्रमको रूपरेखा र बजेट सीमांकनको निर्धारण गर्दछ । त्यहाँ सम्पूर्ण कार्यक्रमको वित्तीय र अन्य क्षेत्रहरूलाई समष्टी रूपमा सरकारी बजेटले दर्शाएको हुन्छ ।

निष्कर्षमा हामी भन्न सक्छौं कि, समाजवाद केवल सामाजिक न्यायको दृष्टिकोणबाट मात्र होइन । यस कारण पनि अनिवार्य हुन्छ कि यसबाट राष्ट्रिय साधनहरूको दुरूपयोगसमेत बन्द हुन जान्छ । समाजवादमा साधनहरूमाथि सरकारी स्वामित्व हुने भएकोले आम्दानीको वितरण धेरै मात्रामा समान हुन सक्दछ । त्यसो हुनाले उपभोक्ताहरूको इच्छामा पनि समानता हुन्छ र तिनीहरूको इच्छा पूर्ति हुन जान्छ । समाजवादमा उत्पादनका साधनको वितरण गर्नमा उपभोक्ताहरूको स्वतन्त्रता हुँदैन भन्ने कुरामा सत्यता छैन ।






# मन्त्री कि डन, खुरुक्क भन !

✍ बैकुण्ठ भण्डारी

सहराँ अहिले हड्डीको चर्चा छ । देशभरिका ठेकेदारहरू जिमखानामा आफ्नो हड्डी बलियो बनाउन अभ्यास गर्दै छन् अरे ! किनभने, नेपालको कुनै पनि ठेकेदारहरूले सरकारी पैसा असुलेर भनेको समयमा काम नै गरेका छैनन् । त्यही भएर पनि अहिले पूर्वाधारको जिम्मा लिएका मन्त्रीले हड्डी भाँच्न उर्दी जारी गरिसकेका छन् नि त ?

जेन-जी आन्दोलनपछि देशमा ठूलो परिवर्तनको हावा चल्यो । पुराना दलका पुराना अनुहारलाई जनताले धेरै गाली गरे, नयाँलाई धेरै ताली बजाए । परिवर्तनको गीत गाउँदै चुनाव भयो । चुनावमा जनताले यति धेरै विश्वास गरेर मत हाले कि सरकार दुईतिहाइको बलियो खम्बामा उभियो । जनताले सोचेका थिए अब देश बन्छ, सडक बन्छ, पुल बन्छ, अस्पताल बन्छ, विद्यालय बन्छ, रोजगारी चल्छ ।

तर अहिले सरकारले हनिमुन मनाउँदै गर्दा नयाँ कुरा पो पत्ता लगाए । विकासका योजनाभन्दा मन्त्रीहरूको बोली चर्चाको विषय बन्दो रहेछ । कसैले नक्साको कुरा गऱ्यो, कसैले सीमाको कुरा गऱ्यो, कसैले कर्मचारीलाई हप्कायो, कसैले ठेकेदारलाई धम्क्यायो । अस्तितिर डाँडाघरे चौतारोमा बसेर अस्ट्रेलियामा भाकी छोरीले पठाइदिएको हातेफोनमा मटचांग्रोले मुहार पुस्तिकामा भिडियो हेर्दै थियो । हेर्दा हेर्दै एउटी मुइयाँले चिच्याएर बोलिन्, 'मन्त्रीको आक्रोशः काम नगर्ने ठेकेदारको खुट्टा भाँचिदिनू ।'

मटचांग्रोको चोरी औंलाले पाँचपटकसम्म तलमाथि गर्दै हेऱ्यो । अनि मन्त्रीको महावाणी पनि सुन्यो । अनि एक्लै भतभताउन थाल्यो । 'हे भगवान् ! मन्त्रीको बोली हो कि फिल्मको खलनायकको संवाद हो ?' त्यत्तिकैमा चौतारीमा बैरी आइपुग्यो र भन्यो, 'के भयो मटचांग्रो ? तीनछक्क परेका छन् त ?' 'देश विकास हुँदै छ कि भोजपुरी फिल्मको सुटिङ भइरहेको छ छुटचाउन गाह्रो भो के मलाई,' मटचांग्रोले उत्तर दियो ।

'किन ?,' बैरीले सोध्यो ?

'यहाँ हेर न । मन्त्रीज्यूले काम नगर्ने ठेकेदारको खुट्टा भाँचिदिनू भन्नुभएछ ।'

बैरी हाँस्यो ।

'तेरो हाँसोले मेरो दिमागमा एउटा कुरा आयो, अहिले भटाभट मन्त्रालयको नाम परिवर्तन भएको छ क्यार, एउटा नयाँ नाम थप्न लगाउनुपऱ्यो,' मटचांग्रोले भन्यो ।

'कुन मन्त्राललय ? अनि किन ?'

'कुन हुनु नि ! भौतिक पूर्वाधार मन्त्रालयको नाम परिवर्तन गरी जेन-जी पुस्ताको सपना साकार गर्दै सो मन्त्रालयको नाम, अर्थोपेडिक मन्त्रालय राख्नुपर्छ ।' दुवै पेट मिचिमिची हाँस्न थाले ।

मटचांग्रो केही दिनपछि सिंहदरबार पुगेको थियो । जीवनमा पहिलोपटक यति ठूलो सरकारी भवन छिर्न पाउँदा ऊ दंग परेको थियो ।

भित्र छिरेपछि उसले सोध्यो, 'सर, नयाँ संसद् भवन कहिले बन्छ ?' सुरक्षाकर्मीले लामो सास फेऱ्यो ।

'ठेकेदारले काम गरिरहेको छ ।'

'कति वर्षदेखि ?,' मटचांग्रोले सोधे ।

'त्यो त मलाई पनि थाहा छैन ।'

बनेको बन्यै छ तर के बनेको छ पत्तै छैन । 'ए ! त्यसो भए यी ठेकेदारको पनि खैरात ठीक छैन ।'

सुरक्षाकर्मीले सोधे, 'किन ?'

'मन्त्रीले खुट्टा भाँचिदिने भनेका छन् नि ?,' मटचांग्रो भन्यो, 'त्यही भएर अहिले ठेकेदारहरू हड्डी बलियो बनाउने अभियानमा लागेका रहेछन् त ।' 'कस्तो अभियान ?,' मटचांग्रोले सोध्यो । 'क्याल्सियम ट्याब्लेट, माछाको तेल, भिटामिन डी, घाम ताप्ने योग, दूध खाने कार्यक्रम,' सुरक्षाकर्मीले उत्तर दिए ।

मटचांग्रो झस्कियो, 'काम नगरी हड्डी बनाउँदै छन् ?' 'हो नि ! पहिले शरीर बचाउनुपऱ्यो नि ।' सिंहदरबारबाट फर्किएपछि मटचांग्रोले एउटा युटचुबमा ठेकेदार संघको आपत्कालीन बैठकको समाचार हेर्दै थियो । होचो कदको त्यो युटचुबमा बोल्दै थियो । 'हेर्नुस्, यस्तो भयो चमत्कार, बालेन सरकारका पालामा चमत्कारै चमत्कार । पुल, बाटो बनाउने ठेकेदारहरू पुल बनाउनेभन्दा पनि हड्डी बलियो बनाउनेतर्फ लागे ।'

वैठकको प्रत्यक्ष प्रसारण भइरहेको थियो ।

बैठकका एक सदस्य उठे अनि भने, 'मैले त दैनिक दुई लिटर दूध खान थालेको छु ।' अर्कोले भन्यो, 'म त बिहान बेलुका क्याल्सियम चपाइरहेको छु ।' तेस्रोले भन्यो, 'मैले त भारतबाट विशेष हड्डी बलियो बनाउने औषधि मगाएको छु ।' त्यसपछि पछाडिबाट आवाज आयो, 'भारतबाट आएको आँप खाएर त हेर विषादीले गर्दा सब पक्का कोही हुँदैन कच्चा ।'

हलमा सन्नाटा छायो ।

अध्यक्षले टेबल ठोक्दै भने, 'साथीहरू, आँप खान बन्द गरौं । अहिले मुख्य कुरा पुल होइन, खुट्टा बचाउनु हो ।' मटचांग्रोले सुनेपछि बैरीलाई फोन गऱ्यो, 'ए बैरी, अब ठेकेदार संघले नयाँ नीति ल्याएछ ।'

'के नीति ?'

'काम समयमै सम्पन्न गर्ने होइन, हड्डी बलियो बनाउने ।' मटचांग्रो हाँस्दा हाँस्दा लड्नै लाग्यो । 'देश विकासको नयाँ मोडल यही हो कि क्या हो ?' केही समयपछि अर्को समाचार आयो ।

'टेकुको पुल अझै पूरा भएन । बागबजारको कल्भर्ट पनि पूरा भएन । चैतमा सकिएको म्याद थपिएको थपियै । बागबजार जानेहरू सावधान ! टुकुचामा पौडी खेलिएला !' मटचांग्रोले भन्यो, 'अब पुल नबनाउने ठेकेदारको खुट्टा भाँच्ने हो भने कल्भर्ट नबनाउनेको के गर्ने ?'

बैरीले जवाफ दियो, 'करङ भाँच्ने ।'

'सडक नबनाउनेको ? ढाड भाँच्ने ।'

'अनि संसद् भवन नबनाउनेको ?,' मटचांग्रोले सोध्यो । बैरी एकछिन सोच्यो, 'त्यो त खतरनाक विषय हो । त्यसको सजायबारे बोल्दा पनि डर लाग्छ ।' देशमा विकासको बहस हराउँदै गयो । कुन मन्त्रीले के भने ? कसलाई धम्की दिए ? कसलाई चेतावनी दिए ? जनताले विकासको प्रगतिभन्दा मन्त्रीको संवाद कण्ठ गर्नु पर्ने भो । मटचांग्रोले एकदिन गम्भीर प्रश्न गऱ्यो । 'बैरी, मन्त्री भनेको के हो ?,' उसले भन्यो, 'जनताको सेवक ।'

'अनि डन भनेको नि ?'

'अरूलाई तर्साएर काम गराउने ।'

'त्यसो भए अहिले जनताले किन छुटचाउन नसकेको ?,' मटचांग्रो सोध्यो । 'किनकि, विकासको भाषा हराएर धम्कीको भाषा आयो ।' उता ठेकेदारहरू पनि कम थिएनन् । १० वर्ष लाग्ने काम २० वर्षसम्म तन्काउने कला उनीहरूमा थियो । दुई वर्षमा बन्ने पुल आठ वर्षसम्म अधुरो राख्ने प्रतिभा उनीहरूमा थियो । जनताले दुःख पाएका थिए । त्यसैले मन्त्रीको रिसमा केही जनताले ताली पनि बजाए ।

तर मटचांग्रोले भन्यो, 'रिस गर्नु ठीक हो ?'

'अनि ?' 'कानुन छोडेर खुट्टा भाँच्ने कुरा गर्नु ठीक होइन ।'

'किन ?'

'किनभने राज्य कानुनले चल्छ, रिसले होइन ।' त्यसपछि मटचांग्रोले कल्पना गऱ्यो । यदि सबै मन्त्रालयले यस्तै शैली अपनाए भने ? शिक्षामन्त्रीले भन्न सक्छन्- होमवर्क नगर्ने विद्यार्थीको कान काटिदिनू ! स्वास्थ्यमन्त्रीले भन्न सक्छन्- औषधि नखाने बिरामीलाई सलाइनले बाँधिदिनू ।

कृषिमन्त्रीले भन्न सक्छन्- मल नहाल्ने किसानलाई खेतमै उभ्याइदिनू । अर्थमन्त्रीले भन्न सक्छन्- कर नतिर्ने व्यापारीको गोजी सिलाइदिनू । गृहमन्त्रीले भन्न सक्छन्- हेल्मेट नलगाउनेको मोटरसाइकललाई जेल हालिदिनू । बैरीसँग बात गर्दागर्दै बाटोमा एक पत्रकारले मटचांग्रोलाई सोध्यो, 'सरकारको काम कस्तो लाग्यो ?' मटचांग्रोले भन्यो, 'काम कस्तो भयो थाहा छैन ।'

'किन ?'

'किनकि कामभन्दा बोली धेरै सुनियो ।'

'मटचांग्रो, समस्या मन्त्रीको बोलीमामात्र होइन, ठेकेदारको काममा पनि छ ।' 'त्यो त हो ।'

तर देश कानुनले चल्नुपर्छ । ठेकेदारले काम नगरे कारबाही गर । कालोसूचीमा राख । जरिवाना गर । सम्पत्ति जफत गर । खुट्टा भाँच्ने काम नगर । खुट्टा भाँच्ने कुरा राज्यको भाषा होइन । जनताले मन्त्रीलाई डन बनाउन होइन, देश बनाउन चुनेका हुन् । पुल बनोस्, सडक बनोस्, संसद् भवन बनोस्, अस्पताल बनोस् ।

मटचांग्रोको कुरा सुनेर चमत्कार भन्दै फलाक्ने पत्रकार हेरेको हेऱ्यै !



**देवघाटमा भक्तजन** | सोमबारे औंसीका अवसरमा सोमबार पवित्र तीर्थस्थल देवघाटस्थित कालीगण्डकी र त्रिशूली नदीको संगमस्थलमा स्नान तथा पूजा आराधना गर्दै भक्तजन । *तस्बिर: रासस*

# ‘कुसंस्कार र विकृतिमुक्त निर्माण गर्न सामूहिक प्रतिबद्धता आवश्यक’



**भैरहवा (रूपन्देही)–** प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समाजलाई कुसंस्कार र विकृतिबाट मुक्त गरी समृद्ध, विकसित र भाइचारापूर्ण समाज निर्माण गर्न सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिएका छन् । लुम्बिनी प्रदेश प्रहरी कार्यालयले सोमबार भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आयोजना गरेको ‘शान्ति पदयात्रा तथा जनचेतनामूलक कार्यक्रम’मा उनले समाजमा शान्ति, सुव्यवस्था र समृद्धि कायम गर्न सामूहिक प्रतिबद्धताको आवश्यकता औंल्याए ।

प्रहरी महानिरीक्षक कार्कीले लुम्बिनीबाट सुरु भएको शान्तियात्राको सन्देश मुलुकभर फैलाउनुपर्नेमा जोड दिए । उनले लागुऔषध दुर्व्यसन, सडक दुर्घटना, आत्महत्या, बालविवाह तथा लैंगिक हिंसाजस्ता सामाजिक विकृति गम्भीर चुनौतीका रूपमा रहेको उल्लेख गर्दै यस्ता समस्याको समाधान प्रहरी एक्लैको प्रयासबाट सम्भव नहुने बताए । यसका लागि समाजका सबै पक्षले जिम्मेवारीबोधका साथ सहकार्य गर्नुपर्ने उनको भनाइ छ ।

प्रहरी महानिरीक्षक कार्कीले नेपाल प्रहरीले परम्परागत कार्यशैलीभन्दा पनि प्रविधिमैत्री र जनमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिएको जानकारी दिए । बुद्धको शान्ति मार्गलाई व्यवहारमा उतार्दै प्रहरीले समाज रूपान्तरणका लागि विभिन्न सचेतनामूलक अभियान सञ्चालन गरिरहेको उनले उल्लेख गरे ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक नगरप्रमुख कल्पना हरिजनले सडक दुर्घटना, लागुऔषध दुर्व्यसन र आत्महत्याजस्ता घटनाले समाजलाई चुनौती दिइरहेको बताइन् । खुला सीमाका कारण लागुऔषधको जोखिम बढ्नुका साथै युवाहरू कुलतमा फस्न थालेकाले यसको रोकथान र नियन्त्रणमा सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिइन् ।

प्रहरी र स्थानीय तहबीचको सहकार्यलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै नगरप्रमुख हरिजनले युवाको संरक्षण र सचेतनाका लागि नगरपालिकाले विभिन्न अभियान सञ्चालन गरिरहेको जानकारी दिइन् । नेपाल प्रहरीले सञ्चालन गरिरहेको ‘प्रहरी हाम्रो साथी’ तथा ‘समुदाय-प्रहरी साझेदारी’ कार्यक्रम प्रभावकारी रहेका उनको भनाइ छ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भूपेन्द्र खत्रीले समाजमा शान्ति, सुव्यवस्था कायम गर्न प्रहरी र समुदायबीचको आत्मीय सम्बन्ध आवश्यक रहेको बताए । पछिल्लो समय समाजमा देखिएका हिंसात्मक गतिविधि र विकृतिविरुद्ध जनचेतना अभिवृद्धि गर्न कार्यक्रमले सकारात्मक योगदान पुऱ्याउने विश्वास उनले व्यक्त गरे ।

कार्यक्रममा नेपाल प्रहरी केन्द्रीय संगीत विद्यालयको प्रस्तुतिसहित सडक नाटकको माध्यमबाट लागुऔषध दुर्व्यसन, सडक दुर्घटना न्यूनीकरण, आत्महत्यालगायत विषयमा सचेतनामूलक प्रस्तुति प्रस्तुत गरिएको थियो ।

नेपाल प्रहरीको इतिहासमा पहिलोपटक आयोजना गरिएको प्रविधिमा आधारित ‘हचाक फर सेफ्टी हचाकाथुन’ प्रतियोगिता सम्पन्न भएको हो । लुम्बिनी प्रदेश प्रहरी कार्यालयको आयोजनामा तीन दिनसम्म सञ्चालन भएको उक्त प्रतियोगितामा देशभरबाट छनोट भएका युवा तथा प्रविधिविज्ञको सहभागिता थियो ।

प्रविधिको प्रयोगमार्फत प्रहरी सेवा, सुरक्षा व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको प्रमुख प्रहरी नायब महानिरीक्षक खत्रीले बताए । उनले अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापन तथा नागरिकमैत्री प्रहरी सेवाका क्षेत्रमा नवीन र व्यावहारिक समाधान खोज्ने प्रयासस्वरूप प्रतियोगिता सञ्चालन गरिएको जानकारी दिए ।

प्रतियोगितामा सहभागी युवाले मोबाइल एप, कृत्रिम बौद्धिकता (एआई), भ्वाइस सिस्टम तथा डिजिटल प्लेटफर्ममा आधारित विभिन्न अवधारणा प्रस्तुत गरेका थिए । प्रमुख प्रहरी नायब महानिरीक्षक खत्रीले प्रतियोगिताबाट परम्परागत प्रहरी कार्यशैलीलाई प्रविधिसँग जोड्दै नागरिकले घरबाटै उजुरी तथा सूचना दिन सक्ने, ट्राफिक व्यवस्थापनलाई स्मार्ट बनाउने, विपद् तथा अपराध नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

प्रतियोगिताका लागि देशभरबाट छनोट भएका १०० समूहले प्रतिस्पर्धामा सहभागिता जनाएका थिए । सहभागी टोलीलाई आवश्यक प्राविधिक सहयोग तथा मार्गदर्शनका लागि विभिन्न क्षेत्रका विज्ञ तथा निर्णायकको व्यवस्था गरिएको थियो । *रासस*

# मुस्ताङमा फोहोरमैला व्यवस्थापनमा चुनौती

**मुस्ताङ (प्रस)–** धार्मिक तथा पर्यटकीय हिमाली जिल्ला, मुस्ताङमा पछिल्लो समय फोहोरमैला व्यवस्थापनमा चुनौती थपिएको छ ।

मुक्तिनाथ दर्शन गर्न आएका आन्तरिक तथा बाह्य पर्यटकले तोकिएका स्थानमा उचित ढंगले फोहोरमैला व्यवस्थापन नगरेकाले फोहोरमैला व्यवस्थापनमा चुनौती थपिएको हो ।

विगत वर्षभन्दा चालु वर्षमा मुक्तिनाथको दर्शन गर्न आउने भारतीय पर्यटकहकरुको आगमन भने बढेको छ । भारतीय पर्यटकहरूकै कारण यहाँ जथाभावी फोहोर बढेसँगै व्यवस्थापनमा कठिनाइ भएको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), जोमसोम कार्यालयका अनुसार झण्डै दैनिक १० हजार भारतीय पर्यटक मुस्ताङको मुक्तिनाथमा दर्शन गर्न आउने गरेका उल्लेख छ । यहाँ दर्शनार्थी बढेसँगै, राजमार्ग, आसपासका होटलमा पर्यटकको चहलपहल भने उत्साहजनक रहेको छ ।

दर्शनार्थीले स्नान गर्दा जथाभावी फोहोर मिल्काउने, अनियन्त्रितरूपमा जथाभावी फोहोर गर्नेलगायतका कामले वातावरणीय सौन्दर्यतामाथि प्रश्न उठ्न थालेको छ ।

# सीमा क्षेत्रको बाँध अग्लो बनाउँदा, गौर डुबानको जोखिममा



**चन्द्रपुर (रौतहट)–** रौतहटको गौर र भारतको बैरगनिया सीमामा भारतीय पक्षले एकतर्फी रूपमा बनाएको बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको छ । सीमा क्षेत्रको दशगजा वा त्यसको नजिक दुवै देशको सहमतिबिना कुनै पनि भौतिक संरचना निर्माण, विस्तार वा परिवर्तन गर्न नपाइने नियम भए पनि भारतीय पक्षले बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको हो ।

छिमेकी देशको भूभागमा डुबान वा अन्य वातावरणीय क्षति नपुर्‍याउनका लागि एउटा देशले आफ्नो सिमानामा यस्तो संरचना बनाउने प्रावधान छैन । बैरगनिया क्षेत्रको बाँधकै कारण वर्षायाममा बाढीको बहाव थुनिने र त्यसले सदरमुकाम गौरसहित दर्जनौं नेपाली गाउँहरू डुबानमा पर्दै आइरहेको स्थानीय अमित केशरीले बताए ।

भारतले आफ्नो भूमि बैरगनियालगायतका बिहारको सहर डुबानबाट बचाउन सीमा क्षेत्रमा १५ फिट अग्लो र पाँच किलोमिटर लामो बाँध बनाएपछि नेपालतिर डुबान हुने गरेको केशरीले बताए । भारतीय पक्षले बैरगनियाको पूर्वी क्षेत्रस्थित बाँधको तीनवटा ढोका सुलीसगेट बन्द गर्दै आएका कारण हरेक वर्ष गौर नगर क्षेत्र डुबानमा पर्दै आइरहेको उनले बताए ।

गौर डुबानमा परेपछि नेपालीले बाँध भत्काउने र सुलीसगेट खोल्छ भनेर भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोली हतियारसहित २४सै घण्टा बाँधमा बस्दै आइरहेका केशरीले जानकारी दिए । बाँध अग्लो हुँदा नेपालतर्फबाट बग्ने लालबकैया र बागमती नदीको पानीले निकास नपाउने र पानी ‘ब्याक’ भएर नेपाली बस्तीमा पस्ने गरेको नेपाल पत्रकार महासंघ रौतहट शाखाका सचिव तथा गौरवासी गौतम श्रेष्ठले जानकारी दिए ।

बैरगनिया क्षेत्रको रिङ बाँधमा माटो थपिँदा वर्षायाममा बाढीको बहाव रोकिने र यसले सदरमुकाम गौर र आसपासका क्षेत्रहरू पूर्णरूपमा डुबानमा पर्ने गरेको श्रेष्ठले बताए । गौरमा बाढीको पानी निकास नहुँदा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ ।

केही वर्षअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी किरण थापाको पालामा यसरी नै माटो थप्न लाग्दा नेपालका तर्फबाट स्थानीय प्रशासन र सुरक्षा निकाय (सशस्त्र प्रहरी)ले कडा आपत्ति जनाएपछि काम रोकिएको थियो । नेपाल-भारत दुई देशबीचको सहमतिअनुसार सीमारेखाको निश्चित दूरीभित्र एकतर्फी रूपमा बाँध वा सडकजस्ता अग्ला संरचना बनाउन निषेध गरिएको गौर नगरपालिकाका पूर्व नगरप्रमुख अजयकुमार गुप्ताले बताए । तर भारतले आफ्नो भूमि डुबानबाट जोगाउन लगाएको बाँध मर्मतको बाहनामा माटो थपेको र चौडाइ पनि बढाइरहेको पूर्वनगरप्रमुख गुप्ताले बताए ।

भारतले एकतर्फीरूपमा पूर्वमा बागमती नदीदेखि र पश्चिमतर्फ बकैया नदीपारि बञ्जराहा गाउँसम्मको पाँच किलोमिटर क्षेत्रसम्म बाँध निर्माण गरेका कारण बर्सेनि गौर नगर क्षेत्र डुबानमा पार्दै आएको उनले बताए । वि.सं. २०७७ मा आफू नगरप्रमुख हुँदा गौर नगरपालिका-२ महादेवपट्टि गाउँस्थित रहेको बकैया नदीमा तटबन्ध गर्दा भारतीय पक्षले अवरोध गरेको तर अहिले भारतले मनपरि ढंगले बाँध मर्मतका नाममा अग्लो तथा बलियो बनाइरहेको पूर्वनगरप्रमुख गुप्ताले बताए ।

नेपाल-भारत सीमा क्षेत्रमा भारतले निर्माण गरेको बाँधमुनिको सुलीसगेट (पानी निकास हुने ढोका) बन्द गरेपछि गौरवासी झन् समस्यामा पर्दै आइरहेको उनले बताए । बाँध र सुलीसगेट नखोलेका कारण गौर हरेक वर्ष डुबानमा परिरहेको उनको भनाइ छ ।

यता रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतीय समकक्षी सितामाढी जिल्लाका प्रमुख (डिएम) रुचि पाण्डेसँग बाँधमा माटो थप्ने काम भएको भन्दै ध्यानाकार्षण गराएको बताए । डिएम पाण्डेले आफूलाई भारतीय केन्द्रीय सरकारबाटै बाँध मर्मतको काम भएको जानकारी गराएको प्रजिअ भुसालले बताए ।

दुई देशको सीमा र अन्तर्राष्ट्रिय सन्धिसँग जोडिएको विषय भएकाले संघीय सरकारले कूटनीतिक नोट पठाएर यसको स्थायी समाधान खोज्न आवश्यक रहेको भन्दै विगतका मधेस प्रदेशका मुख्यमन्त्रीहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

भारतले एकपक्षीयरूपमा बाँध बाधेपछि रौतहटको राजदेवी नगरपालिकाको बेलबिछुवा, ब्रह्मपुरी लक्ष्मीपुर, सदरमुकम गौरका नौवटै वडा र इशनाथ नगरपालिकाको बैरिया, औरैया र बञ्जरहा गाउँ बर्सेनि डुबानमा पर्दै आएको छ । सो क्षेत्रमा हरेक वर्ष डुबानका कारण करोडौंको धनजन तथा बालीनालीको क्षति हुँदै आइरहेको छ । *रासस*

# मंगलाको तटीय क्षेत्रमा कटानको जोखिम

**म्याग्दी–** म्याग्दी नदीले तटीय क्षेत्रमा गर्ने कटान, स्थानीय खोल्साहरूमा आउने बाढी र पहिरोले मंगला गाउँपालिकामा विपद्को जोखिम बढाएको छ । विगतका ठूला विपद्का घटना, नदी कटानबाट खेतीयोग्य जमिनमा पुगेको क्षति र बस्तीमा बढ्दो जोखिमका कारण गाउँपालिकाले संरक्षण तथा जोखिम न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।

गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाका अनुसार तटीय क्षेत्रमा म्याग्दी नदीको कटान र माथिल्लो क्षेत्रमा पहिरोको जोखिम रहेको छ । ‘बर्खायाममा नदी कटान र खोल्सामा आउने बाढी तथा सुक्खा मौसममा डढेलो र आगलागीको जोखिम रहेको छ,’ उनले भने, ‘जोखिमयुक्त क्षेत्र पहिचान गरी नदी नियन्त्रण, पहिरो रोकथाम, वृक्षरोपण, राहत र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरेका छौं ।’

वि.सं. २०५८ मा अर्मनमा गएको पहिरोमा कम्तीमा १६ जनाको मृत्यु भएको थियो भने धेरै घर, विद्यालय र खानेपानी संरचना क्षतिग्रस्त भएका थिए । त्यसभन्दा अघि २०४५ सालमा निस्कोटको भीर भत्किँदा म्याग्दी खोला थुनिएर आएको बाढीले व्यापक जनधनको क्षति पुऱ्याएको थियो ।

हाल छिसवाङ, कुरसिम्ला, पिपलबोट, सेराफाँट, हाडेभिर, बाबियाचौर, काँशेबगर, सिमलचौर, बान्द्रेलगायतका क्षेत्रलाई नदी कटानको जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ । स्थानीयवासीका अनुसार नदीको बहाव परिवर्तन र गहिरिँदै गएको कटानले खेतीयोग्य जमिन बगरमा परिणत हुँदै गएको छ ।

पानाबगरका स्थानीय जितबहादुर किसानले म्याग्दी नदीले आफ्नो चार रोपनीभन्दा बढी खेतीयोग्य जमिन कटान गरी बगर बनाएको बताए । ‘नदीले खेतमात्र होइन, बस्तीलाई नै जोखिममा पारेको छ,’ उनले भने, ‘जोखिम धेरै भए पनि संरक्षणका योजना पर्याप्त छैनन् ।’

म्याग्दी नदीको करिब १० किलोमिटर तटीय क्षेत्रमा स्थायी संरक्षण संरचना निर्माण गर्नमात्रै करिब दुई अर्ब रूपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । संघीय सरकारको विशेष अनुदानमा चालु आर्थिक वर्षदेखि बाबियाचौर-काँशेबगर बस्ती संरक्षण योजना कार्यान्वयनमा ल्याइएको छ । करिब ४२ लाख रूपैयाँ लागतमा म्याग्दी नदी किनारमा पक्की र ग्याबियन पर्खाल निर्माणको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख रुचेन्द्र अधिकारीले बताए । यस योजनाले २५० भन्दा बढी घरपरिवार लाभान्वित हुने अपेक्षा गरिएको छ ।

त्यसैगरी, हाडेभिर क्षेत्रमा निर्माण गरिएको नदी नियन्त्रण संरचनाले बस्ती, स्वास्थ्यचौकी, निर्माणाधीन अस्पताल भवन तथा सडकलाई कटानबाट जोगाउन प्रभावकारी भूमिका खेलेको छ । प्रदेश सरकारको सहयोगमा सिम र ताराखेत क्षेत्रमा पनि नदी नियन्त्रण योजना सम्पन्न भएका छन् । यद्यपि संघीय सरकारले हिलवाङखोला, छिसवाङ र रातोढुंगामा नदी नियन्त्रणका लागि विनियोजन गरेको एक करोड ५० लाख रूपैयाँ बजेट भने विवादका कारण कार्यान्वयन हुन नसकी फिर्ता भएको मंगला गाउँपालिका-५ छिसवाङका पृजेन भट्टचनले बताए ।

विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले पाँचै वडामा हेलिप्याड निर्माण, राहत कोष व्यवस्थापन, सडक मर्मत तथा हरित सडक अभियान सञ्चालन गरेको छ । *रासस*


**कतारमा रोजगार** — **कम्पनी** : Trtws Llmqawlat Waltnzyfat Al-amh

पूर्व स्वीकृति मिति : २०८३/03/0१ | LT. No. 343367 | चलानी नं. ६०२५६८४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 5 | 0 | 1500 | ६२,३१७ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Public | 10 | 0 | 1200 | ४९,८५४ | | | | | | | |
| 3 | Female Hospital Cleaner | 0 | 10 | 1200 | ४९,८५४ | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 2500 | १,०३,८३६ | | | | | | | |
| 5 | Gypsum Installers | 5 | 0 | 1500 | ६२,३१७ | | | | | | | |
| 6 | Labour | 8 | 0 | 1000 | ४१,५४५ | | | | | | | |
| 7 | Machine Operator General | 3 | 0 | 1900 | ७८,९३६ | | | | | | | |
| 8 | Office Cleaner | 0 | 10 | 1200 | ४९,८५४ | | | | | | | |
| 9 | Public Cleaner | 29 | 5 | 1200 | ४९,८५४ | | | | | | | |
| 10 | Service Agents | 5 | 0 | 1400 | ५८,१६३ | | | | | | | |
| 11 | Toilet Cleaner | 5 | 0 | 1200 | ४९,८५४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १५ गते (29th Jun. 2026) मा हुनेछ ।**
Sunsari, Itahari Sub-metropolitian City, Munal Training Center Pvt. Ltdमा मिति: २०८३ असार ११ र १२ गते (25 & 26th Jun. 2026) मा हुनेछ ।
Jhapa, Damak Municipality, Krist Commercial Technical Instituteमा मिति: २०८३ असार १३ र १४ गते (27 & 28th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kist Human Resource Pvt.Ltd.**
Govt.Lic. No. 1157/073/074
Sinamangal-9, Airport, Kathmandu, Nepal, Tel : +977-01-4581856, Fax +977-1-4599252
Ithari - 9709091260 , Jhapa Damak - 9817081881, Kathmandu (Rudra Bahadur Khadaka) -9851094525
E-mail : kisthumanresources1157@gmail.com, Web.www.kisthumanresource.com

# प्रभाव दैनिक





### समीक्षा र विक्रमको 'देशै छोडेर' सार्वजनिक

चर्चित गायिका समीक्षा अधिकारी र विक्रम सुनारको स्वर रहेको नयाँ गीत 'देशै छोडेर' सार्वजनिक गरिएको छ । मुलुकमा बढ्दो बेरोजगारी, राजनीतिक अस्थिरता र अवसरको अभावका कारण भबिश्यको चिन्ता गर्दै रोजगारीका लागि बिदेसिनेको लर्को दैनिक देख्न सकिन्छ । त्यसरी बिदेसिने र उनीहरूको परिवारको पीडा समेटिएको गीतको शब्द, संगीत तथा एरेन्ज भुवन बिकले तयार गरेका हुन् । गीतको भिडियोमा भुवन बिक र अनिता नेपालको अभिनय छ । गोविन्द विवशको निर्देशन रहेको भिडियोलाई सौगात थापाले छायांकन गरेका हुन् । असिमचन्द्र विश्वकर्माको सम्पादन रहेको भिडियो विक्रम सुनारको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।




मंगलबार, २ असार २०८३ (Tuesday, 16 June 2026)


# अन्तर्राष्ट्रिय बजारमा 'पेन्सन पट्टा'




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'पेन्सन पट्टा' प्रदर्शन अघि नै अन्तरराष्ट्रिय बजारमा आकर्षणको केन्द्र बनेको छ । नेपाली चलचित्रको विदेशी बजार विस्तार भइरहेका बेला 'पेन्सन पट्टा' ले पनि लगातार अन्तरराष्ट्रिय माग प्राप्त गर्दै आफ्नो बजार प्रवर्द्धनलाई जोड दिएको छ । उक्त चलचित्रको निर्देशन तथा कथा लेखन माओत्से गुरुङले गरेका हुन् । उनका अनुसार चलचित्रको प्रदर्शन मिति सार्वजनिक हुनु अघि नै बेलायत र हङकङका लागि प्रदर्शन अधिकार बिक्री भइसकेका छन् ।

बेलायतको लागि सपन इन्टरटेन्टमेन्ट लिमिटेड र हङकङमा मेन ड्रागन लिमिटेडले रिलिज अधिकार खरिद गरेको उनले जानकारी दिए । त्यसको निरन्तरता स्वरूप अहिले चलचित्रको अष्ट्रेलिया र न्यूजिल्यान्ड प्रदर्शन अधिकारसमेत बिक्री भएको उनले बताए ।

दि ब्याक ईभेन्ट्सले अष्ट्रेलिया र न्यूजिल्याण्डको लागि प्रदर्शन अधिकार खरिद गरेको हो । यससँगै 'पेन्सन पट्टा' ले प्रदर्शनअघि नै विभिन्न अन्तरराष्ट्रिय बजारमा सकारात्मक प्रतिक्रिया प्राप्त गरिरहेको निर्माण टिमले जनाएको छ । माओत्से गुरुङ फिल्मस्को ब्यानरमा निर्माण भएको यो चलचित्रले नेपाली समाज, परिवार, सम्बन्ध र मानवीय संवेदनालाई केन्द्रमा राखेको छ ।

यसअघि माओत्से गुरुङले निर्माण गरेका 'पुरानो डुंगा' र 'दयारानी' ले स्वदेशसँगै विदेशमा पनि राम्रो चर्चा बटुलेका थिए । त्यसैले 'पेन्सन पट्टा' प्रति विदेशी वितरक तथा नेपाली डायस्पोराको चासो उल्लेखनीय रूपमा बढेको निर्देशक गुरुङको विश्वास छ ।

चलचित्रको कथा खुदी खोलाको किनारमा रहेको सुकुमवासी बस्तीमा बस्ने आमा-छोरा छलु र राजनको जीवन संघर्षमा केन्द्रित छ । चलचित्रमा दयाहाङ राई, सुनिल थापा, गौमाया गुरुङ, वुद्धि तामाङ, विल्सन विक्रम राई, पुष्कर गुरुङ, सोल गुरुङ, सूरज तमु, राज थापा काउँचा, मनोज गुरुङ, अनुशा राई, लुनिभा तुलाधर लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

# असार ५ देखि महानगरका 'टोलटोलमा फिल्म महोत्सव'

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले असार ५ गतेदेखि २६ गतेसम्म हरेक शुक्रबार र शनिबार सार्वजनिक स्थल, पार्क, डबली तथा चोकहरूमा 'टोलटोलमा फिल्म महोत्सव' आयोजना गर्ने भएको छ । महानगरले सोमबार पत्रकार सम्मेलन गर्दै महोत्सवको संकेत चिन्ह सार्वजनिक गरेको हो ।

महानगरका अनुसार महोत्सवको उद्घाटन असार ५ गते खुलामञ्चमा हुनेछ भने असार ६ गतेको कार्यक्रम भेहिकल फ्री असन क्षेत्रमा सञ्चालन गरिनेछ। नेपाली चलचित्र क्षेत्रको विकास र विस्तारमा योगदान दिने तथा रचनात्मक उद्योगलाई समुदायसँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको महानगरले जनाएको छ ।

महोत्सवअन्तर्गत लघु चलचित्र तथा चलचित्र प्रदर्शन, कला र रचनात्मक उद्योगसम्बन्धी संवाद, सांस्कृतिक तथा सिर्जनात्मक कार्यक्रम, स्थानीय खानाका परिकारको प्रदर्शनीलगायत गतिविधि सञ्चालन हुनेछन्। चलचित्र प्रदर्शनका लागि एलईडी स्क्रिन, साउण्ड सिस्टम तथा क्युरेटरको व्यवस्था महानगरको सम्पदा तथा पर्यटन विभागले गर्नेछ भने व्यवस्थापन स्थानीय युवाहरूका संस्थाले गर्नेछन् ।

महानगरले यो कार्यक्रमलाई आगामी दिनमा अन्तर्राष्ट्रिय फिल्म महोत्सवसँग जोडेर विस्तार गर्ने योजना पनि सार्वजनिक गरेको छ ।

काठमाडौं महानगरपालिकाले युनेस्कोबाट सन् २०२३ मा फिल्मको रचनात्मक सहरको मान्यता प्राप्त गरेको थियो । फिल्म विधाबाट सदस्यता




प्राप्त गरेपछि महानगरले चलचित्र तथा रचनात्मक उद्योग प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम अघि बढाउँदै आएको जनाएको छ ।

महानगरका अनुसार फिल्म क्षेत्रमार्फत स्थानीय संस्कृति, परम्परा र सम्पदाको संरक्षण तथा प्रवर्द्धन, रोजगारी सिर्जना, अनुसन्धान, छात्रवृत्ति, पूर्वाधार विकास, चलचित्र शिक्षा तथा अन्तर्राष्ट्रिय सहकार्यका अवसर विस्तार गरिनेछ। साथै चलचित्र महोत्सव, फिल्म एक्स्पो, फिल्म समिटलगायत कार्यक्रममार्फत निर्माता, लगानीकर्ता र वितरकबीच सञ्जाल निर्माण गरिने लक्ष्य राखिएको छ । महानगरका प्रवक्ता नविन मानन्धरले जारी गरेको विज्ञप्तिमा टोलटोलमा फिल्म महोत्सव महानगरको रचनात्मक सहर यात्राको प्रारम्भिक कदम भएको उल्लेख गर्दै यसको सफलताका लागि सञ्चारमाध्यम, चलचित्रकर्मी तथा सरोकारवालाको सहयोग अपेक्षा गरिएको छ ।




# आइभरी कोस्ट र जर्मनीको शानदार जित
## जापान र नेदरल्याण्ड बराबरीमा रोकिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** जारी विश्वकप सोमबारका खेलमा आइभरी कोस्ट र जर्मनीले जित हात पार्दा जापान र नेदरल्याण्ड भने बराबरी रोकिएका छन् । पहिलो खेलमा चार पटकको विश्वकप विजेता जर्मनीले आइतबार समूह चरणको खेलमा पहिलो पटक विश्वकप खेलेको कुरासाओलाई ७-१ गोलअन्तरले पराजित गरेको छ । जर्मनीका लागि काइ हाभर्ट्जले दुई गोल गरे ।

खेलको छैटौं मिनेटमा फेलिक्स नेम्चाले फ्लोरियन विर्ट्जको पासमा गोल गर्दै जर्मनीलाई सुरुआती अग्रता दिलाएका थिए । तर, २१औं मिनेटमा लिभानो कोमेनेन्सियाले गोल गर्दै कुरासाओलाई १-१ को बराबरीमा पुर्‍याए । यो विश्वकपमा कुरासाओको पहिलो गोल थियो । योसँगै उसका समर्थकहरूलाई उत्साहित बनेका थिए ।

बराबरीपछि जर्मनीले खेलमा पूर्ण नियन्त्रण जमाउँदै निर्मम बन्यो । ३८औं मिनेटमा निको श्लोटरबेकले नाथानियल ब्राउनको कर्नरमा हेडर गोल गर्दै टोलीलाई पुनः अग्रता दिलाए ।

पहिलो हाफको इन्जुरी समयमा काइ हाभर्ट्जले पेनाल्टीमार्फत गोल गर्दै जर्मनीको अग्रता ३-१ बनाए । फेलिक्स नेम्चालाई पेनाल्टी क्षेत्रभित्र रिचेड्ली बाजोएरले लडाएपछि जर्मनीले पेनाल्टी पाएको थियो । दोस्रो हाफ सुरु भएको दुई मिनेटमै जमाल मुसियालाले गोल गर्दै जर्मनीलाई ४-१ को अवस्थामा पुर्‍याए । त्यसपछि ६८औं मिनेटमा नाथानियल ब्राउनले गोल गरे भने ७८औं मिनेटमा डेनिज उन्डाभले अर्को गोल थपे ।

हाभर्ट्जले ८८औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै जर्मनीको जितलाई ७-१ मा पुर्‍याए । सन् २०१४ को विश्वकप जितेपछि लगातार दुई विश्वकपमा समूह चरणबाटै बाहिरिएको जर्मनीका लागि यो प्रतियोगिताको उत्साहजनक सुरुआत बनेको छ ।

जर्मनीले पछिल्लोपल्ट उपाधि जित्दा पनि सेमिफाइनलमा ७-१ कै जित निकालेको थियो । योसँगै जर्मनीले यसपल्ट प्रतियोगिताको सुरुआतमै ब्राजिली समर्थकलाई जिस्काउने नतिजा हात पारेको छ ।

लगभग दुई वर्षपछि राष्ट्रिय टोलीमा फर्किएका ४० वर्षीय गोलकिपर म्यानुएल नोएरले जर्मनीका लागि एक मात्र बचाउ गरे । यस खेलमा विश्वकप इतिहासकै सबैभन्दा ठूलो उमेर अन्तर भएका प्रशिक्षकहरू



आमनेसामने भएका थिए । कुरासाओका ७८ वर्षीय डिक एड्भोकाट विश्वकपका सबैभन्दा वृद्ध प्रशिक्षक बने भने जर्मनीका ३८ वर्षीय जुलियन नागेल्समान यस संस्करणका सबैभन्दा कान्छा प्रशिक्षक हुन् । जर्मनीले अब शनिबार टोरन्टोमा आइभोरी कोस्टसँग खेल्नेछ भने कुरासाओले क्यान्सस सिटीमा इक्वेडरसँग प्रतिस्पर्धा गर्नेछ ।

त्यस्तै दोस्रो खेलमा जापानका डाइची कमादाले खेलको अन्तिम समयमा गरेको महत्वपूर्ण गोलको मद्दतमा जापानले विश्वकपको समूह चरणमा बलियो प्रतिद्वन्द्वी नेदरल्यान्ड्ससँग २-२ को बराबरी खेलेको छ ।

एटी एन्ड टी स्टेडियममा भएको खेलमा जापान हारको नजिक पुगेको अवस्थामा थियो । तर, ८८औं मिनेटमा कोकी ओगावाको कर्नरमा कमादाले उत्कृष्ट हेडर गोल गर्दै जापानलाई महत्वपूर्ण एक अंक दिलाए ।

पहिलो हाफ गोलरहित बराबरीमा सकिए पनि दोस्रो हाफमा खेल निकै रोमाञ्चक बन्यो । ५०औं मिनेटमा कप्तान भर्जिल भान डाइकले हेडरमार्फत गोल गर्दै नेदरल्यान्ड्सलाई अग्रता दिलाए ।

तर, सात मिनेटपछि जापानका केइटो नाकामुराले ताकेफुसा कुबोको पासमा गोल गर्दै खेल १-१ को बराबरीमा ल्याए । ६४औं मिनेटमा क्राइसेन्सियो समरभिलले गोल गर्दै नेदरल्यान्ड्सलाई पुनः अग्रता दिलाए । त्यसपछि जापान हारतर्फ उन्मुख देखिएको थियो । तर, अन्तिम समयमा कमादाले हेडर गोल गर्दै टोलीलाई हारबाट जोगाए । विश्व वरीयतामा आठौं स्थानमा रहेको नेदरल्यान्ड्सले विश्वकप समूह चरणमा आफ्नो अपराजित यात्रालाई १७ खेलसम्म पुर्‍याएको छ । तर, अन्तिम मिनेटमा गोल खाँदा जित हात पार्न सकेन ।

जापानका प्रशिक्षक हाजिमे मोरियासुले आफ्ना खेलाडीहरूको धैर्यता र संघर्षशीलताको प्रशंसा गरे । उनले खेलाडीहरूले अन्तिम समयसम्म अवसरको खोजी जारी राखेकाले सकारात्मक नतिजा निकाल्न सफल भएको बताए । ३४ वर्षीय भान डाइक विश्वकपमा नेदरल्यान्ड्सका दोस्रो सबैभन्दा बढी उमेरमा गोल गर्ने खेलाडी बने । यसअघि सन् २०१० मा उरुग्वेविरुद्ध ३५ वर्षको उमेरमा गोल गरेका जियोभानी भान ब्रोंकहोर्स्ट शीर्ष स्थानमा छन् ।

समूह 'एफ' अन्तर्गतको यस बराबरीपछि नेदरल्यान्ड्समाथि नकआउट चरणमा पुग्ने दबाब भने कायम रहेको छ । विश्वकपको फाइनलमा तीन पटक पुगे पनि नेदरल्यान्ड्सले उपाधि जित्न सकेको थिएन । यस पटक पनि दाबेदार टोलीका रूपमा हेरिएको छ ।

अब नेदरल्यान्ड्सले शनिबार ह्युस्टनमा स्विडेनसँग खेल्नेछ भने जापानले मेक्सिकोको मोन्टेरेमा ट्युनिसियासँग प्रतिस्पर्धा गर्नेछ ।

त्यस्तै अमाद डियालोले खेलको ९०औं मिनेटमा निर्णायक गोल गरेपछि आइभोरी कोस्टले विश्वकप २०२६ अन्तर्गत समूह चरणको खेलमा इक्वेडरलाई १-० ले पराजित गरेको छ । लिन्कन फाइनान्सियल फिल्डमा सोमबार बिहान सम्पन्न प्रतिस्पर्धात्मक खेलमा दुवै टोलीले गोलका लागि संघर्ष गरे पनि अन्तिम समयमा म्यानचेस्टर युनाइटेडका विंगर डियालोले टोलीलाई जित दिलाए । दोस्रो हाफमा मैदान प्रवेश गरेका डियालोले पेनाल्टी क्षेत्रको ठीक बाहिरबाट गरेको बायाँ खुट्टाको प्रहारले इक्वेडरका गोलकिपर हेर्नान गालिन्डेजलाई पराजित गरेको थियो ।

उक्त गोलको अवसर सिर्जना गर्न विल्फ्रिड सिंगोले दायाँ विंगबाट उत्कृष्ट दौड लगाउँदै महत्त्वपूर्ण पास दिएका थिए । सन् २०१४ पछि पहिलो पटक विश्वकप खेलिरहेको आइभोरी कोस्टका लागि यो जित ऐतिहासिक छ । टोलीले यससँगै पहिलो पटक नकआउट चरण पुग्ने सम्भावनालाई बलियो बनाएको छ । अर्कोतर्फ, इक्वेडरको १९ खेल लामो अपराजित यात्रा समाप्त भएको छ । टोलीले सेप्टेम्बर २०२४ मा ब्राजिलसँग १-० ले पराजित भएयता हार बेहोरेको थिएन । खेलभर दुवै टोलीले गोलका थुप्रै अवसर सिर्जना गरे । आइभोरी कोस्टका एलिये वाहीले ५२औं मिनेटमा हानेको प्रहार क्रसबारमा लागेको थियो । त्यस्तै, पहिलो हाफमा इक्वेडरका जोन येबोआह र निल्सन आङ्गुलोका प्रहार पनि क्रसबारमा ठोक्किएका थिए ।

६८ हजारभन्दा बढी दर्शक उपस्थित खेलमा अधिकांश समर्थक इक्वेडरको पक्षमा थिए । पहेँलो जर्सीमा सजिएका समर्थकहरूले घरेलु मैदानजस्तै वातावरण सिर्जना गरेका थिए । डियालोको गोलअघि इक्वेडर खेलमा प्रभावशाली देखिएको थियो । दोस्रो हाफमा गोन्जालो प्लाटाले करिब २५ यार्ड टाढाबाट गरेको शक्तिशाली प्रहारलाई आइभोरी कोस्टका गोलकिपर याहिया फोफानाले उत्कृष्ट बचाउ गरेका थिए ।

आइभोरी कोस्टका लागि यान डियोमान्डेले पनि प्रभावशाली प्रदर्शन गरे । लाइपजिगका आक्रमणकारी डियोमान्डेले दायाँ विंगबाट लगातार अवसर सिर्जना गर्दै विपक्षी रक्षापंक्तिलाई दबाबमा राखेका थिए ।

## पोखरामा अन्तरविद्यालय जुडो प्रतियोगिता सम्पन्न ७५ खेलाडी सहभागी

**पोखरा (प्रस)–** पोखरा महानगरपालिकाको खेलकुद विकास समितिले सञ्चालन गरेको दोस्रो पोखरा खेलकुद महोत्सव तथा मार्सल आर्ट फेस्टिभल-२०८३ अन्तर्गत जुडो प्रतियोगिता सम्पन्न भएको छ ।

छात्र तथा छात्रा गरी दुई विधाका विभिन्न तौल समुहमा गरेर कुल ७५ जनाले सहभागिता जनाएको महोत्सव मूल आयोजक समितिका संयोजक तथा पोखरा महानगरपालिकाको खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदारले जानकारी दिए ।

उनका अनुसार छात्र तर्फ २५ केजी, ३० केजी, ३५ केजी, ४० केजी र ४५ केजी तौल समूहमा प्रतिष्पर्धा गराइएको थियो । जस अनुसार २५ केजी छात्रमा सौरभ जिसी प्रथम, विकल नेपाली द्वितीय र आरोन गुरुङ तथा सविन नेपाली तृतीय भए ।

३० केजी छात्रमा महेश बिक प्रथम, निसान मगर द्वितीय र सुनिल कुँवर तथा प्रिन्स शाह तृतीय भए । ३५ केजी छात्रमा निसान नेपाली प्रथम, आयान कुँवर द्वितीय र राजकुमार गिरी तथा प्रिन्स आले मगर तृतीय भए । ४० केजी छात्रमा रितेश केसी प्रथम, अञ्जन परियार द्वितीय र प्रियान्स गुरुङ तथा रूपक परियार तृतीय भए । ४५ केजी छात्रमा बिप्लप बूढा मगर प्रथम ढोलक विक्रम केसी द्वितीय र सुयोग जलन्धर तथा आशिष बिक तृतीय भए ।

यसैगरी छात्रा केजी, ३५ केजी, ४५ केजी र ५० केजी तौल समूहमा प्रतिष्पर्धा गराइएको थियो । जस अनुसार ३५ केजी छात्रामा मनिषा नेपाली प्रथम, सन्ध्या परियार द्वितीय र निसा नेपाली तथा सङ्गीता लुँइटेल तृतीय भए ।

४५ केजी छात्रामा जमुना श्रेष्ठ प्रथम, क्रिन्जल गिरी द्वितीय र विष्णु बूढा मगर तथा सुष्मा मगर तृतीय भए । ५० केजी छात्रामा स्यान्टोप जलारी प्रथम, योगिसा परियार द्वितीय र सुरक्षा परियार तथा गङ्गा श्रेष्ठ तृतीय भए ।

प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडीले नगद ३ हजार, २ हजार र १(१ हजार रूपैयाँ सहित मेडल र प्रमाणपत्र हात पारेको पोखरा महानगरपालिका खेलकुद विकास समितिका सदस्य सचिव सुरज अधिकारीले जानकारी दिए ।

विजेता खेलाडीहरूलाई बधाई दिँदै खेलकुद विकास समितिले खेल क्षेत्रको विकास तथा युवा प्रतिभाको प्रोत्साहनका लागि यस्ता प्रतियोगिता निरन्तर सञ्चालन गरिने जनाएको छ । ग्रासरुट लेभलबाट खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ यो प्रतियोगिता आयोजना गरिएको सदस्य सचिव अधिकारीले बताए । महोत्सवमा कुल ११ वटा खेल समावेश गरिएको छ । तीमध्ये दुई वटा राष्ट्रियस्तरका प्रतियोगिता रहेका छन् भने पाँच वटा खेल ग्रासरुट तहका खेलाडीलाई लक्षित गरी सञ्चालन गरिएका छन् । यसका साथै ह्विलचियर बास्केटबल, बौद्धिक अपाङ्गता दौड, बोसिया तथा दृष्टिविहीन क्रिकेटजस्ता समावेशी खेलहरू पनि महोत्सवमा समेटिएका छन् ।

# अमेरिका र इरानबीच सम्झौता घोषणा

## शुक्रबार स्विट्जरल्याण्डमा हस्ताक्षर हुने

**इस्लामावाद–** संयुक्त राज्य अमेरिका र इरानबीच हर्मुज जलघाँटी पुनः खोल्ने तथा इरान युद्धमा लागू रहेको अस्थिर युद्धविरामलाई थप विस्तार गर्ने उद्देश्यसहित प्रारम्भिक अन्तरिम सम्झौता भएको घोषणा गरिएको छ । यदि यो सम्झौता कार्यान्वयनमा आयो भने विश्वबजारमा तेल र प्राकृतिक ग्यासको आपूर्ति पुनः सहज भई ऊर्जा संकटको जोखिम घट्ने तथा विश्व अर्थतन्त्रमा स्थिरता आउने अपेक्षा गरिएको छ ।



यद्यपि सम्झौताका पूर्ण विवरण तत्काल सार्वजनिक गरिएको छैन । इरानले भने औपचारिक हस्ताक्षर नभएसम्म कुनै पनि प्रावधान कार्यान्वयनमा नल्याइने स्पष्ट पारेको छ । प्रमुख मध्यस्थकर्ताको भूमिका खेलेको पाकिस्तानकाअनुसार सम्झौतामा हस्ताक्षर आगामी शुक्रबार स्विट्जरल्याण्डमा हुने छ । यो सहमतिले मध्यपूर्वमा हजारौंको ज्यान लिएको युद्ध अन्त्य गर्ने सम्भावित मार्ग खोल्न सक्ने विश्लेषण गरिएको छ ।

तर प्रारम्भिक सहमतिले सुरुदेखि नै अनेक चुनौतीको सामना गरिरहेको छ । विशेषगरी लेबनानमा इरान समर्थित हिजबुल्लाह र इजरायलबीच जारी तनावले वार्तालाई प्रभावित गर्ने जोखिम देखिएको छ । आइतबार इजरायलले बेरुतको दक्षिणी क्षेत्रमा आक्रमण गरेपछि क्षेत्रीय तनाव पुनः बढेको थियो ।

सम्झौताअन्तर्गत सबैभन्दा जटिल विषय इरानको अत्यधिक समृद्ध युरेनियम भण्डार र आणविक कार्यक्रमको भविष्य हो । यी विषयमा समाधान खोज्न पक्षहरूलाई ६० दिनको समय दिइएको छ । सन् २०१५ मा भएको आणविक सम्झौतामा यस्ता विषय टुंग्याउन वर्षौं लागेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा उक्त सम्झौताबाट अमेरिका बाहिरिएको निर्णय गरेपछि तनाव क्रमशः बढ्दै युद्धको अवस्थामा पुगेको थियो ।

ह्वाइट हाउसमा आफ्नो ८०औं जन्मदिनको अवसरमा आयोजित कार्यक्रममा ट्रम्पले सामाजिक सञ्जालमार्फत युद्धविराम प्रयासलाई स्वागत गर्दै हर्मुज जलघाँटी खुलाउन तथा अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने आदेश दिएको घोषणा गरेका थिए । तर उनले शुक्रबार औपचारिक हस्ताक्षर नभएसम्म जलघाँटी पूर्णरूपमा सञ्चालनमा नआउने पनि स्पष्ट पारे ।

इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले सरकारी टेलिभिजनमार्फत सम्झौताको पुष्टि गर्दै हस्ताक्षरपछि मात्रै कार्यान्वयन सुरु हुने बताए । उनका अनुसार कतारको मध्यस्थतामा भएको वार्तापछि यो समझदारी सम्भव भएको हो ।

इजरायलले भने यस विषयमा तत्काल कुनै औपचारिक प्रतिक्रिया दिएको छैन । इजरायलले दक्षिणी लेबनानमा आफ्ना सैन्य कारबाही जारी राख्ने विषयमा विशेष जोड दिँदै आएको छ । फेब्रुअरी २८ मा अमेरिका इजरायलसँग मिलेर युद्धमा संलग्न भएको थियो ।

सम्झौताप्रतिको आशावादले अन्तरार्ष्ट्रिय बजारमा तत्काल प्रभाव देखिएको छ । बेञ्चमार्क ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल चार डलरभन्दा बढीले घटेको छ भने एसियाली सेयर बजारमा उल्लेख्य वृद्धि देखिएको छ ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले सबै पक्षले लेबनानसहितका सबै मोर्चामा सैन्य गतिविधि स्थायीरूपमा अन्त्य गर्ने घोषणा गरेको जानकारी दिएका थिए । तर इजरायलले यस विषयमा औपचारिक सहमति जनाएको छ वा छैन भन्ने अझै स्पष्ट छैन ।

पाकिस्तानी अधिकारीहरूका अनुसार आगामी ६० दिनभित्र इरानको आणविक कार्यक्रमलगायत बाँकी विवादित विषयमा व्यापक वार्ता हुने छ । आवश्यक परे समयसीमा थप लम्ब्याउन सकिने पनि जनाइएको छ । इरानी सरकारी सञ्चारमाध्यमले सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयलाई उद्धृत गर्दै युद्ध तत्काल अन्त्य हुने र अमेरिकी नाकाबन्दी पूर्णरूपमा हटाइने जनाएको छ ।

वार्ताको संवेदनशीलताका कारण नाम नखुलाउने सर्तमा बोल्ने अधिकारीहरूका अनुसार १७ घण्टा लामो छलफलपछि कतारी मध्यस्थकर्ताहरू तेहरानबाट फर्किएका थिए । यस साताभित्र दोहामा पक्षहरूसँग छुट्टाछुट्टै प्राविधिक बैठक हुने तयारी छ । शुक्रबार हुने हस्ताक्षर समारोहमा इरानको प्रतिनिधित्व कसले गर्ने भन्ने अझै तय भएको छैन । अमेरिकी उपराष्ट्रपति जेडी भान्सले ह्वाइट हाउसले सहभागीहरूको सूची अन्तिम रूप दिइरहेको बताएका छन् । उनी स्वयं उपस्थित हुने सम्भावना रहेको र राष्ट्रपति ट्रम्प पनि सहभागी हुन सक्ने संकेत दिएका छन् ।

यसैबीच अमेरिकाभित्रै सम्झौताप्रति शंका व्यक्त हुन थालेको छ । रिपब्लिकन सिनेटर लिण्डसे ग्राहमले इरान र अमेरिकी वार्ता टोलीको व्याख्या फरक देखिएको भन्दै चिन्ता व्यक्त गरेका छन् । न्युयोर्कका सांसद ग्रेगरी मीक्सले पनि इरानसँग हुने कुनै पनि सम्झौताको अमेरिकी कंग्रेसले निगरानी गर्ने बताएका छन् ।

युद्धले इरानभित्र राजनीतिक परिवर्तन पनि ल्याएको छ । प्रारम्भिक आक्रमणमा सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएपछि उनका छोरा आयातोल्लाह मोजतावा खामेनी नयाँ सर्वोच्च नेता बनेका छन् । उनी सार्वजनिकरूपमा नदेखिए पनि सम्झौताका लागि उनको स्वीकृति अनिवार्य मानिएको छ ।

विश्लेषकहरूका अनुसार सम्झौता सफल भए पनि विश्व ऊर्जा आपूर्ति पूर्णरूपमा सामान्य अवस्थामा फर्किन समय लाग्न सक्छ । ढुवानी र बिमा कम्पनीहरूले दीर्घकालीन स्थायित्वको सुनिश्चितता खोजिरहेका छन् । उता इरानसँग अझै पनि ठूलो मात्रामा ब्यालेस्टिक क्षेप्यास्त्र र उच्च समृद्ध युरेनियम रहेको बताइन्छ, जसले भविष्यमा फेरि तनाव बढ्न सक्ने चिन्ता कायम राखेको छ ।

अमेरिकाले सम्झौताअन्तर्गत इरानबाट समृद्ध युरेनियम हटाउन माग गरेको छ । रुसले उक्त सामग्री आफ्नो नियन्त्रणमा लिन प्रस्ताव गरेको भए पनि इरानले आफ्नो युरेनियम भण्डार कायम राख्ने अडान सार्वजनिकरूपमा दोहोर्‍याउँदै आएको छ । यही विषय आगामी वार्ताको सबैभन्दा कठिन मुद्दा बन्ने अनुमान गरिएको छ । *रासस/एपी*

## शान्ति सम्झौतापछि विश्वको प्रतिक्रिया

**पेरिस–** अमेरिका र इरानबीच शान्ति सम्झौता तथा सबै मोर्चामा सैन्य कारबाही अन्त्य गर्ने सहमति सार्वजनिक भएपछि विश्व समुदायले त्यसलाई मध्यपूर्वमा स्थायित्व ल्याउने सम्भावित अवसरका रूपमा लिएको छ । संयुक्त राष्ट्रसंघदेखि युरोप, खाडी क्षेत्र र एसिया-प्रशान्तका मुलुकहरूले सम्झौताको स्वागत गर्दै यसको सफल कार्यान्वयनमा जोड दिएका छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सम्झौतालाई द्वन्द्वको शान्तिपूर्ण समाधानतर्फको महत्त्वपूर्ण कदमको संज्ञा दिएका छन् । उनले संवाद र कूटनीतिक प्रयासलाई दीर्घकालीन शान्तिको आधार मान्दै सबै पक्षलाई सहमतिको पूर्ण कार्यान्वयनतर्फ अग्रसर हुन आग्रह गरे ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले हर्मुज जलघाँटी तत्काल र विनासर्त पुनः खोलिनुपर्ने बताए । उनले फ्रान्स र बेलायत सम्झौताको कार्यान्वयनमा सहयोग गर्न तयार रहेको जनाउँदै लेबनानमा राज्यको सार्वभौमिकता पुनर्स्थापित गर्ने प्रयासलाई पनि समर्थन गर्ने स्पष्ट पारे । साथै, इरानको आणविक र ब्यालिस्टिक कार्यक्रमसँग सम्बन्धित चिन्ताहरूको समाधान पनि आवश्यक रहेको उनको भनाइ छ ।

बेलायती प्रधानमन्त्री किर स्टार्मरले हर्मुज जलघाँटीमा सुरक्षित र स्वतन्त्र जलयातायात पुनर्स्थापित हुनुपर्नेमा जोड दिएका छन् । उनले बेलायत समुद्री खानी हटाउने कार्यमा सहयोग गर्न तयार रहेको बताउँदै इरानले कहिल्यै आणविक हतियार विकास गर्न नहुने बेलायतको पुरानो अडान पुनः दोहोर्‍याए ।

कतारको विदेश मन्त्रालयले क्षेत्रीय सुरक्षा र स्थिरता सुदृढ गर्ने उद्देश्यले गरिएका सबै कूटनीतिक प्रयासप्रति पूर्णसमर्थन व्यक्त गरेको छ । कतारले वार्ता र मध्यस्थताको माध्यमबाट स्थायी समाधान खोज्ने प्रयासलाई निरन्तरता दिनुपर्ने उल्लेख गरेको छ ।

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनले सम्झौतामा औपचारिक हस्ताक्षर नहुँदासम्म सबै पक्षलाई संयम अपनाउन आग्रह गरेका छन् । उनले तनाव बढाउने अभिव्यक्ति, उक्साहटपूर्ण गतिविधि तथा सम्भावित तोडफोडका प्रयासप्रति सतर्क रहनुपर्ने आवश्यकता औंल्याए ।

जापानकी प्रधानमन्त्री साने ताकाइचीले हर्मुज जलघाँटी हुँदै सुरक्षित र स्वतन्त्र जलयातायात सुनिश्चित हुने अपेक्षा व्यक्त गरिन् । साथै, इरानको आणविक कार्यक्रमलगायत बाँकी विवादित विषयमा पनि चाँडै अन्तिम सहमति हुनुपर्ने उनको धारणा छ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज र विदेशमन्त्री पेनी वोङले अमेरिका र इरान दुवैलाई निरन्तर संयम र रचनात्मक संवाद कायम राख्न आग्रह गरेका छन् । संयुक्त विज्ञप्तिमार्फत उनहरूले इरानको आणविक कार्यक्रमसँग जोडिएका अन्तर्राष्ट्रिय सुरक्षा चिन्ताहरूको समाधान अपरिहार्य रहेको बताए ।

न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस लक्सनले हर्मुज जलघाँटी पुनः सञ्चालनमा आउनुले विश्व व्यापार मार्गलाई स्थिर बनाउने, इन्धन आपूर्ति सहज पार्ने तथा विश्व अर्थतन्त्रलाई गति दिने विश्वास व्यक्त गरेका छन् । विश्व नेताहरूका प्रतिक्रियाले मध्यपूर्वमा युद्धको अन्त्यमात्र नभई ऊर्जा सुरक्षा, अन्तर्राष्ट्रिय व्यापार र क्षेत्रीय स्थायित्वप्रतिको साझा चासोलाई पनि स्पष्टरूपमा प्रतिविम्बित गरेको छ । *रासस/एएफपी*



**चीनको निङ्सिया हुई स्वायत्त क्षेत्रमा रहेको बेरिल गोजीबेरीज कम्पनी लिमिटेडको बगैंचामा टिपिएको गोजिबेरी (वल्फबेरी) मिलाउँदै एक किसान ।**

*तस्बिर: सिन्ह्वा*

# कब्जा कायम राख्ने इजरायलको घोषणा

**तेल अभिभ (इजरायल)–** इजरायलका रक्षामन्त्री इजरायल काट्जले सोमबार स्पष्टरूपमा इजरायल लेबनान, सिरिया र गाजा पट्टीमा हाल नियन्त्रणमा रहेको भूमिबाट पछि नहट्ने अडान सार्वजनिक गरेका छन् । अमेरिका र इरानबीचको अन्तरिम शान्ति सम्झौता अघि बढिरहेको सन्दर्भमै आएको यो अभिव्यक्तिले क्षेत्रीय तनाव अझै कायम रहेको संकेत दिएको छ ।



अमेरिका-इरान सम्झौताको औपचारिक हस्ताक्षरका लागि शुक्रबार जेनेभामा वार्ता हुने तयारी भइरहेका बेला इजरायलको यो पहिलो आधिकारिक प्रतिक्रिया सार्वजनिक भएको हो । पाकिस्तानले मध्यस्थकर्ताका रूपमा उक्त भेटवार्ताको जानकारी दिएको छ ।

रक्षामन्त्री काट्जका अनुसार इजरायलले लेबनान, सिरिया र गाजा पट्टीमा हाल नियन्त्रणमा रहेका क्षेत्रहरू ‘अनिश्चितकालसम्म’ आफ्नो नियन्त्रणमा राख्ने योजना बनाएको छ । उनले लेबनानमा हिजबुल्लाहविरुद्ध जारी सैन्य कारबाही रोक्न इरानसँग भएको अन्तरिम समझदारीलाई पनि शंकास्पद रूपमा व्याख्या गरे ।

उनले इरानले इजरायलमाथि कुनै पनि आक्रमणको प्रयास गरेमा इजरायलले कडा प्रतिकार गर्ने चेतावनी दिँदै ‘ठूलो बल प्रयोग’ गर्ने संकेत गरे । पछिल्ला दुई वर्षभन्दा बढी अवधिमा इजरायलले गाजा, लेबनान र सिरियाका विभिन्न क्षेत्रहरूमा करिब एक वर्गकिलोमिटर भूभाग नियन्त्रणमा लिएको छ । यो आकार न्युयोर्क सहरभन्दा केही सानो रहेको बताइएको छ । *रासस/एएफपी*

# जापानी प्रशंसकको सफाइ संस्कृति चर्चामा

**अर्लिन्टन (संयुक्त राज्य अमेरिका)–** विश्वकप फुटबलमा खेलको रोमाञ्चसँगै जापानी समर्थकहरूको व्यवहारले पनि अन्तर्राष्ट्रिय ध्यान तानेको छ । टेक्सासमा नेदरल्याण्ड्ससँग दुई-दुई गोलको बराबरीपछि जापानका प्रशंसकहरूले स्टेडियमलाई आफैं सफा गर्दै बेदाग अवस्थामा छोडेपछि उनीहरूको ‘सफाइ संस्कृति’ फेरि चर्चाको केन्द्र बनेको हो ।



खेलपछि दर्शकहरू केही समय स्टेडियममै बसेर आफ्ना सिट वरिपरि फोहोर सावधानीपूर्वक संकलन गर्दै नीलो प्लास्टिक झोलामा राख्दै सफा गरेका थिए । उनीहरूले यो व्यवहार जापानमा सानै उमेरदेखि सिकाइने संस्कारको हिस्सा भएको बताएका छन् । जापानी प्रशंसक इटा तनाकाले आफूहरूलाई विद्यालयदेखि नै प्रयोग गरिएको स्थान सफा राख्न सिकाइने बताउँदै ‘हामीले सबैको बारेमा सोच्नुपर्छ’ भन्ने धारणा आत्मसात् गरिएको उल्लेख गरे ।

उनका अनुसार जापानी समाजमा कुनै स्थान प्रयोग गरेपछि त्यसलाई आफूले पाएकोभन्दा अझ सफा बनाएर छोड्ने अभ्यास सामान्य मानिन्छ । विद्यालयमा शिक्षकको निर्देशनविना नै कक्षाकोठा सफा गर्ने परम्परा पनि त्यही संस्कारको हिस्सा भएको उनको भनाइ छ ।

जापान आफ्नो लगातार आठौं विश्वकपमा सहभागी भइरहेको छ र यस क्रममा समर्थकहरूको अनुशासित व्यवहार विश्वभर चिनिने विशेषता बनेको छ । खेलपछि एनएफएल क्वार्टरब्याक जेमिस विन्स्टनलाई पनि सफाइ अभियानमा सहभागी भएको देखिएपछि जापानी समर्थकहरूको अभ्यास झन् चर्चित बनेको छ ।

जापानी समर्थक फुटो हागिवाराले आफ्ना देशवासीहरूको व्यवहारले अन्तरार्ष्ट्रियरूपमा सकारात्मकरूपमा पहिचान पाएकोमा गर्व व्यक्त गरे । उनका अनुसार यो केवल व्यवहारमात्र नभई सांस्कृतिक र मानसिक अनुशासनको प्रतिविम्ब हो, जसले जहाँ गए पनि आफ्नो वरिपरि सफा राख्ने जिम्मेवारी सम्झाउँछ ।

समाजशास्त्री तथा दार्शनिक मसाची ओसावाका अनुसार यस्तो व्यवहार सामाजिक जिम्मेवारी र समूहभित्रको दबावको संयोजनबाट उत्पन्न हुन्छ । उनले जापानी समाजमा व्यक्तिगतभन्दा सामूहिक अनुशासनलाई बढी महत्त्व दिइने बताउँदै सानो स्तरका नैतिक व्यवहारप्रति अत्यन्त संवेदनशीलता देखिने उल्लेख गरे ।

जापानमा बाल्यकालदेखि नै सरसफाइ शिक्षामा जोड दिइन्छ । विद्यालयमा विद्यार्थीहरूले दैनिकरूपमा कक्षाकोठा र विद्यालय परिसर आफैं सफा गर्ने अभ्यास गर्छन् । सार्वजनिक फोहोर फाल्ने भाँडाहरू कम हुने भएकाले मानिसहरूले आफ्नो फोहोर आफैं घर फर्काएर व्यवस्थापन गर्ने परम्परा पनि त्यहाँ स्थापित छ ।

ओसाका विश्वविद्यालयका समाजशास्त्रका एमेरिटस प्राध्यापक स्कट नर्थका अनुसार जापानी समुदायहरूमा समूहगत कार्यशैली बलियो हुन्छ, जसको प्रभाव खेलमैदानमा देखिने समर्थकहरूको व्यवहारसँग मिल्दोजुल्दो छ । उनका अनुसार त्यहाँ नेतृत्व र अनुयायीबीचको समन्वय उच्चस्तरमा रहन्छ र समूह निर्णयलाई सबैले स्वीकार गर्ने संस्कार विकसित भएको छ ।

समाजशास्त्री ओसावाले यसलाई ‘अरूको व्यवहार बुझेर परिस्थितिअनुसार चल्ने’ संस्कारसँग जोड्दै कुनै एक व्यक्तिले फोहोर उठाउन थालेपछि अरूले पनि सहजै सहभागिता जनाउने सामाजिक मनोवृत्ति रहेको बताए । उनका अनुसार यस्तो व्यवहारमा मुख्य प्रेरणा व्यक्तिगत देखावटी नभई समूहभित्र नकारात्मक छाप नपरोस् भन्ने सामाजिक दबाब हुन्छ ।

जापानी समर्थकहरूका अनुसार यस्तो व्यवहार उनीहरूको दैनिकी संस्कारकै विस्तार हो । उनीहरू आगामी खेलहरूमा पनि यही अभ्यास कायम राख्ने बताउँछन् । जापानले शनिबार मेक्सिकोमा ट्युनिसियासँग खेल्ने तयारी गरिरहेको छ र समर्थकहरूले आफूहरू उदाहरणीय व्यवहारमार्फत विश्वलाई सन्देश दिने लक्ष्य राखेको बताएका छन् । ‘हामीले अरूलाई भन्नु भन्दा आफ्नै व्यवहार देखाउँछौं र अरूले त्यसलाई पछ्याउँछन्,’ समर्थक हागिवाराले भने । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९८२०० | प्रति तोला – ० | प्रति तोला – ५०१५ |

# दीर्घकालीन आर्थिक सुधारमा बजेट केन्द्रित: अर्थमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट अल्पकालीन लोकप्रियताभन्दा दीर्घकालीन आर्थिक सुधारलाई केन्द्रमा राखेर ल्याइएको बताएका छन् ।

राष्ट्रियसभामा आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमानमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री वाग्लेले बजेट कार्यान्वयनमा चुनौती रहे पनि नयाँ ढंगले अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

अर्थमन्त्रीले बजेट सुशासन, मध्यम वर्गको विस्तार, रोजगारी सिर्जना तथा निजी क्षेत्रको प्रवर्द्धनलाई केन्द्रमा राखेर निर्माण गरिएको बताए । निर्वाचनपूर्व सार्वजनिक गरिएको प्रतिबद्धतापत्रअनुसार आर्थिक, राजनीतिक तथा न्यायिक सुशासनलाई प्राथमिकतामा राखिएको उनले बताए ।

'हामीले सुशासनलाई केन्द्रमा राखेका छौँ, आम नागरिकको चासोका विषय आर्थिक, राजनीतिक तथा न्यायिक सुशासनलाई अगाडि बढाएका छौँ,' उनले भने, 'मुलुकको समृद्धिका लागि मध्यम वर्गको विस्तार आवश्यक छ । निम्न आय भएका वर्गलाई माथि उकास्दै मध्यम वर्ग विस्तार गर्न खोजिएको हो । गरिब तथा तल्लो आय भएका वर्गलाई बेवास्ता गरिएको भन्ने टिप्पणी वास्तविकताभन्दा फरक छ ।'

उनले २१ वटा आर्थिक क्षेत्र पहिचान गरी आगामी पाँच वर्षमा १२ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य बजेटले लिएको जानकारी दिँदै सडक पूर्वाधार विस्तार, प्रवासी नेपालीलाई लगानीकर्ता तथा विकासका संवाहकका रूपमा परिचालन गर्ने नीति तथा निजी क्षेत्रलाई आर्थिक वृद्धि र लगानीको प्रमुख साझेदारका रूपमा अघि बढाइएको बताए ।

कोभिड-१९ महामारीपछि नेपालको अर्थतन्त्र पूर्णरूपमा पुरानो रूपमा फर्किन नसकेको उल्लेख गर्दै उनले निजी लगानीमा अझै अनिश्चितता रहेको स्वीकार गरे । 'मध्यम वर्गको क्रयशक्ति कमजोर हुँदा अर्थतन्त्र चलायमान हुन सक्दैन,' उनले भने, 'त्यसैले आर्थिक पुनरुत्थानका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरेका छौँ ।'

सामाजिक सुरक्षाका कार्यक्रम कटौती नगरिएको, बरु थप विस्तार गरिएको उल्लेख गर्दै उनले कृषि आधुनिकीकरण, श्रमिक सुरक्षा, कृषि बिमा, रोजगारी तथा स्टार्टअप कार्यक्रमलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

# इलामका चिया उद्योग बन्द

■ प्रभाव संवाददाता



**काठमाडौं–** सोमबारदेखि इलामका चिया उद्योग बन्द भएका छन् । भारतीय पक्षले नेपाली चिया निकासीमा विभिन्न बहानामा अवरोध सिर्जना गरेपछि बन्द भएका हुन् ।

भारतले गुणस्तर जाँचको बहानामा डेढ महिनादेखि नेपाली चिया निर्यातमा अड्चन खडा गरेपछि उद्योगीहरूले सोमबारदेखि उद्योग बन्द गर्ने निर्णय लिएका हुन् । निकासीमा अवरोध हुँदा उत्पादित चियाले बजार पाउन सकेको छैन, जसका कारण चिया गोदाममै बिग्रने जोखिम बढेपछि यस्तो कठोर कदम चाल्न बाध्य भएको व्यवसायीहरूले बताएका छन् ।

नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष शिवकुमार गुप्ताका अनुसार भारतीय चिया बोर्डले हालै जारी गरेको नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) का कारण नेपाली चिया निर्यातमा ठूलो बाधा पुगेको छ ।

पहाडी भेगका अर्थोडक्स चिया उद्योगहरू सोमबार बाटै बन्द भएका छन् भने तराईका सीटीसी चिया उद्योगहरू ४ असारदेखि बन्द हुने उनले बताए । 'भारतको टि-बोर्डले नेपाली चिया आयातकर्ताहरूलाई अनावश्यक दुःख दिएका कारण नेपाली चियाको बजार ठप्प भयो,' गुप्ताले भने, 'आजको दिनमा कुनै पनि चिया आयातकर्ता हामीसँग चिया लिन इच्छुक छैनन् ।'

भारतीय भन्सारमा नेपाली चियाको नमुना संकलन गरी परीक्षणका लागि पठाइने र त्यसको रिपोर्ट आउन १५ देखि २० दिनसम्म लाग्ने झन्झटिलो प्रक्रियाका कारण भारतीय चिया आयातकर्ताहरू पछि हटेका छन् । रिपोर्टमा केही सामान्य कमीकमजोरी देखिए चिया नै नष्ट गरिदिने डरले भारतीय व्यापारीहरू नेपाली चिया किन्न डराइरहेका उनले बताए ।

'हाम्रो चिया नबिकेपछि हामीले उद्योग बन्द गर्‍यौं, अब उद्योग किन चलाउने ? मुख्य समस्या नै यही हो,' उनले थपे ।

संघका अनुसार इलाममा वार्षिक ६५ लाख किलो र झापामा वार्षिक २ करोड किलो चिया उत्पादन हुँदै आएको छ । यहाँ उत्पादित चियाको ९० प्रतिशत बजार भारत हो ।

भारतीय चिया बोर्डले नेपाली चियाको गुणस्तर परीक्षणका नाममा भारत पुगेको करिब २ लाख किलो चिया आयतकर्ताको गोदाममै थन्क्याएको र निकासी अवरुद्ध हुँदा १० लाख किलोभन्दा बढी चिया उद्योगमै कुहिने अवस्थामा रहेको सूर्योदय अर्थोडक्स टि प्रोड्युसर्स एसोसिएसन नेपालले विज्ञप्ति नै जारी गरेर जानकारी गराइसकेको छ । चिया उद्योगमा यति ठूलो समस्या आइपर्दा पनि सरकारले निर्यात सहजीकरणका लागि कुनै कूटनीतिक पहल नगरेको उद्योगीको गुनासो छ ।

उद्योग बन्द निर्णयसँगै पहाडका ५६ वटा र तराईका ३० वटा सीटीसी चिया उद्योग प्रभावित भएका छन् । उद्योग बन्द हुँदा यस क्षेत्रमा कार्यरत हजारौं मजदुर र हरियो पत्ती बेच्ने किसान प्रत्यक्ष मारमा परेका छन् ।

'दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरू सबैभन्दा बढी मारमा पर्छन्,' वरिष्ठ उपाध्यक्ष गुप्ताले भने, 'उनीहरूलाई र किसानको हरियो पत्तीको भुक्तानी दिन हामीसँग पैसा छैन, चिया नै नबिकेपछि पैसा कहाँबाट ल्याउने ?'

चिया क्षेत्रमा देखिएको यो संकट समाधानका लागि सरकारलाई विभिन्न माध्यमबाट जानकारी गराइएको र सरकारले छिट्टै कूटनीतिक पहल गर्नेमा आफूहरू आशावादी रहेको उनले बताए ।

## कर्पोरेट

### कुमारी बैंकलाई अन्तर्राष्ट्रिय नवप्रवर्तनमा प्लाटिनम सम्मान




**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठित इन्फोसिस फिन्याकल इनोभेसन अवाड्र्स २०२६ मा कुमारी बैंक प्लाटिनम विजयी भएको छ । कुमारी बैंक लिमिटेडले अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठित इन्फोसिस फिन्याकल इनोभेसन अवाड्र्स २०२६ अन्तर्गत व्यावसायिक मोडेल नवप्रवर्तनतर्फ उच्च तहको अवार्ड प्ल्याटिनम विजेताका रूपमा सम्मानित भएको हो ।

बैंकले कार्यान्वयन गरेको ग्राहक पहिचान तथा अनुपालन प्रक्रियाक्रियासम्बन्धी उल्लेखनिय पहलको लागि उक्त सम्मान प्रदान गरिएको हो । इन्फोसिस फिन्याकलद्वारा प्रत्येक वर्ष आयोजना गरिने यो अवार्ड कार्यक्रम विश्वभरका बैंक तथा वित्तीय संस्थाहरूका उत्कृष्ट नवप्रवर्तन र रूपान्तरणका अभ्यासहरूको कदर गर्न सञ्चालन हुँदै आएको छ । यस वर्ष ९ विधामा ५०० भन्दा बढी आवेदन परेका थिए, जसबाट कुमारी बैंकले आफ्नो केवाईसी कार्यप्रवाह अनुपालन प्रणालीमार्फत उत्कृष्ट प्रदर्शन गर्दै प्ल्याटिनम सम्मान प्राप्त गरेको हो । उक्त प्रणालीले ग्राहक पहिचान प्रक्रियालाई छरितो, सुरक्षित र प्रभावकारी बनाउनुका साथै नियामकीय मापदण्डहरूको कडाइका साथ पालना गर्न सहयोग पुर्‍याएको छ । साथै, डिजिटल प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई थप पारदर्शी र भरोसायोग्य बनाउँन योगदान पुगेको बैंकले जनाएको छ ।

यस अन्तर्राष्ट्रिय सम्मानसँगै कुमारी बैंकले नवप्रवर्तनमार्फत सुरक्षित, भरपर्दो र ग्राहककेन्द्रित बैंकिङ्ग सेवा प्रदान गर्ने आफ्नो प्रतिबद्धता थप सुदृढ बनाएको छ । बैंकले आगामी दिनहरूमा डिजिटल समाधान विस्तार गर्दै ग्राहकलाई अझ सहज, विश्वसनीय र उत्कृष्ट बैंकिङ अनुभव प्रदान गर्न निरन्तर प्रयास गर्ने जनाएको छ ।

### एएमएल नेपालद्वारा कर्मचारी सञ्चय कोषमा सम्पत्ति शुद्धीकरण निवारण तालिम



**काठमाडौं (प्रस)–** एएमएल नेपालले नेपालको सबैभन्दा ठूलो गैर-बैंकिङ वित्तीय संस्था तथा दीर्घकालीन कोष परिचालन गर्ने प्रमुख संस्था कर्मचारी सञ्चय कोष मा सम्पत्ति शुद्धीकरण निवारण आतङ्ककारी कार्यमा वित्तीय लगानी नियन्त्रण तथा सम्बन्धित अनुपालन व्यवस्थासम्बन्धी ज्ञान अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको छ ।

कर्मचारी सञ्चय कोषले ठूलो मात्रामा दीर्घकालीन बचत तथा कोष परिचालन गरी नेपालको वित्तीय प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको सन्दर्भमा, संस्थागत सुशासन, जोखिम व्यवस्थापन तथा प्रभावकारी एएमएल/सीएफटी अनुपालनको महत्वलाई केन्द्रमा राखी उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा एएमएल नेपालका विज्ञहरू श्रीधर अधिकारी, अधिवक्ता सेलिना अधिकारी तथा सीए लेखनाथ पोखरेलले विभिन्न विषयमा विशेषज्ञ प्रस्तुतीकरण तथा अन्तरक्रियात्मक सत्र सञ्चालन गरेका थिए ।

सत्रमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास, नेपालको कानुनी तथा नियामकीय व्यवस्था, गैर-बैंकिङ वित्तीय संस्थाका लागि लागू हुने एएमएल/सीएफटी निर्देशनहरू, जोखिममा आधारित अनुपालन प्रणाली, ग्राहक पहिचान प्रक्रिया, ग्राहकको स्रोतको पहिचान तथा प्रमाणीकरण, निरन्तर अनुगमन, शंकास्पद कारोबार पहिचान तथा प्रतिवेदन प्रणालीलगायतका विषयमा विस्तृत छलफल गरिएको थियो ।

कार्यक्रममा विशेषगरी कर्मचारी सञ्चय कोषको स्रोत पक्ष तथा लगानी पक्षबाट एएमएल जोखिमको पहिचान, व्यवस्थापन तथा अनुपालनका व्यावहारिक पक्षहरूबारे गहन छलफल भएको थियो। कोषमा आबद्ध ग्राहक तथा योगदानकर्ताको वित्तीय स्रोतको पारदर्शिता, लगानी निर्णय प्रक्रियामा जोखिम मूल्याङ्कन, लाभग्राही पहिचान, संस्थागत सुशासन तथा नियामकीय अपेक्षाहरूलाई समेत समेटेर प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रममा सहभागी कर्मचारीहरूले एएमएल/सीएफटी कार्यान्वयनका व्यावहारिक चुनौती, नियामकीय अपेक्षा तथा संस्थागत प्रणालीलाई थप प्रभावकारी बनाउने उपायहरूबारे सक्रिय सहभागिता जनाउँदै आफ्ना अनुभव, जिज्ञासा तथा सुझावहरू प्रस्तुत गरेका थिए ।

एएमएल नेपालले नेपालको वित्तीय प्रणालीलाई थप सुरक्षित, पारदर्शी तथा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन सरकारी निकाय, वित्तीय संस्था तथा अन्य सरोकारवाला संस्थाहरूसँग सहकार्य गर्दै एएमएल/सीएफटी सम्बन्धी क्षमता अभिवृद्धि, प्रशिक्षण तथा ज्ञान आदान-प्रदान कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

### मुक्तिनाथ विकास बैंकद्वारा प्रहरी कार्यालयहरूलाई सहयोग



**काठमाडौं (प्रस)–** संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुक्तिनाथ विकास बैंकले समुदायको सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउन विभिन्न जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी तथा ट्राफिक प्रहरी कार्यालयहरूलाई आवश्यक पर्ने कार्यालय सामग्रीहरू सहयोग गरेको छ ।

बैंकले जिल्ला प्रहरी कार्यालय, घोराही-दाङ, जिल्ला प्रहरी कार्यालय – धादिङ र बाँके जिल्लाको साईगाउँ प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालय –काँकरभिट्टा, झापालाई कम्प्युटर, फर्निचर तथा कार्यालय सामग्रीहरू हस्तान्तरण गरेको छ । साथै, ट्राफिक जिल्ला प्रहरी कार्यालय – बर्दिया, गुलरियालाई रोड डिभाइडर, सचेतामूलक बोर्ड सहयोग गरेको छ । उक्त सहयोगले प्रहरी कार्यालयको प्रशासनिक कार्यसम्पादन, अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय आवश्यकता र समुदायको हितलाई केन्द्रमा राखेर सञ्चालन गरिएका यस्ता कार्यक्रममार्फत बैंकले सामाजिक विकास, सुशासन तथा सार्वजनिक संस्थाहरूको क्षमता अभिवृद्धिमा योगदान पुर्‍याउँदै आएको छ। बैंकले आगामी दिनमा पनि समाजको दिगो विकास तथा स्थानीय समुदायको सशक्तीकरणका लागि विविध सामाजिक उत्तरदायित्व कार्यक्रमहरू सञ्चालन गर्दै जाने जनाएको छ ।

### रियलमीका पी३ अल्ट्रा फाइभजी र पी३ फाइभजी नेपालमा सार्वजनिक




**काठमाडौं (प्रस)–** रियलमीले नेपाली बजारमा आफ्नो नयाँ स्मार्टफोन पी३ अल्ट्रा फाइभजी र पी३ फाइभजी सार्वजनिक गरेको छ। कम्पनीका अनुसार नयाँ सिरिजले उच्च प्रदर्शन, आकर्षक डिजाइन तथा नयाँ एआई अनुभव उपभोक्तामाझ ल्याउने भएको छ ।

नयाँ रियलमी पी३ अल्ट्रा फाइभजीमा डाइमेन्सिटी ८३५० अल्ट्रा चिपसेट समावेश गरिएको छ भने यसमा ६००० एमएएच् टाइटन ब्याट्री तथा ८० वाट अल्ट्रा चार्ज प्रविधि उपलब्ध रहेको छ, जसले छिटो र प्रभावकारी चार्जिङ अनुभव प्रदान गर्छ । ७ दशमलव ३८ मिलिमिटर अल्ट्रा स्लिम डिजाइन तथा ग्लोइङ लुनार डिजाइनमा उपलब्ध यो स्मार्टफोनमा आईपी ६९ स्तरको पानी प्रतिरोधी सुविधा रहेको छ। यसमा १ दशमलव ५ के क्वाड-कर्भ्ड एमोलेड डिस्प्ले तथा ओआईएस सहितको सोनी ५० मेगापिक्सेल एआई क्यामेरा जडान गरिएको छ । साथै, ६०५० वर्ग मिलिमिटर एरोस्पेस भीसी कुलिङ प्रणाली, १२ जिबी र्याम, २५६ जिबीसम्म स्टोरेज, जीटी बुस्ट, रियलमी यूआई ६.०, डुअल स्टेरियो स्पिकर तथा एन्टेना एरे म्याट्रिक्स जस्ता विशेषता समावेश गरिएको छ ।

रियलमी पी३ अल्ट्रा फाइभजी (१२ जिबी + २५६ जिबी) ग्लोइङ लुनार ह्वाइट र नेप्च्युन ब्लु रंगमा रु. ६५,९९९ मा उपलब्ध हुनेछ ।

त्यसैगरी, रियलमीले पी३ फाइभजी पनि सार्वजनिक गरेको छ, जसमा स्न्यापड्रागन ६ जेन ४ फाइभजी चिपसेट समावेश गरिएको छ। दैनिक प्रयोग तथा गेमिङ अनुभवलाई ध्यानमा राखेर तयार गरिएको यस स्मार्टफोनमा ६००० एमएएच् टाइटन ब्याट्री, ४५ वाट फास्ट चार्ज, एरोस्पेस कुलिङ प्रणाली तथा १२० हर्ज एमोलेड ई-स्पोर्ट्स डिस्प्ले उपलब्ध छ । यसका साथै फोनमा आईपी ६६, आईपी ६८ तथा आईपी ६९ पानी प्रतिरोधी सुविधा, ७ दशमलव ९७ मिलिमिटर अल्ट्रा स्लिम डिजाइन, अधिकतम २६ जिबी र्याम र २५६ जिबी रोम, ५० मेगापिक्सेल कृत्रिम बुद्धिमत्ता क्यामेरा, एआई बुस्ट, जीटी बुस्ट, एन्ड्रोइड १५ मा आधारित रियलमी यूआई ६.०, डुअल स्टेरियो स्पिकर तथा एन्टेना एरे म्याट्रिक्स २.० जस्ता सुविधा समावेश गरिएका छन् ।

रियलमी पी३ फाइभजी (८ जिबी + २५६ जिबी) स्टारलाइट ग्रीन र कोमेट ग्रे रंगमा रु.४४,९९९ मा उपलब्ध हुनेछ ।

# ११ महिनामा पुँजीगत खर्च ३२ दशमलव ५३ प्रतिशत

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको ११ महिनामा पूर्वाधार तथा विकास निर्माण लक्षित पुँजीगत खर्च रु एक खर्ब ३२ अर्ब ६६ करोड ७७ लाख भएको छ । महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी विवरणअनुसार चालु आवको ११ महिनामा कूल लक्ष्यको ३२ दशमलव ५३ प्रतिशत पुँजीगत खर्च भएको हो ।

सरकारले चालु आवमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रकम पुँजीगत खर्चतर्फ विनियोजन गरेको छ। चालु आव सकिन एक महिना मात्रै बाँकी रहेको अवस्थामा पुँजीगत खर्च भने पर्याप्त हुन सकिरहेको छैन ।

चालु आवमा चालु खर्चतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड खर्च गर्ने लक्ष्य राखेकामा ११ महिनामा ७६ दशमलव ९१ प्रतिशत खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ वर्षभरिमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख खर्च गर्ने लक्ष्य राखिएकामा हालसम्म रु तीन खर्ब पाँच अर्ब ७१ करोड ८१ लाख खर्च भएको छ ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

## १२ अंकले नेप्से घट्दा कारोबार रकम चार अर्ब ४१ करोड




**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १२ दशमलव २६ अंकले ओरालो लागेर दुई हजार ७११ दशमलव ७६ मा सीमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९६ अंकले ओरालो लागेर ४६६ दशमलव १३ मा सीमित भएको छ। कारोबार भएकामध्ये कूल ७३ कम्पनीको सेयर मूल्य उकालो लागेको छ। एक सय ८८ कम्पनीको सेयर मूल्य ओरालो लाग्दा १२ कम्पनीको कुनै परिवर्तन भएको छैन ।

नेप्सेका अनुसार कूल ३५० कम्पनीको एक करोड सात लाख ३९ हजार ९९८ कित्ता सेयर रु चार अर्ब ४१ करोड २० लाख ४८ हजार ६०९ मूल्यमा खरिद बिक्री भएको छ। नेप्सेका अनुसार कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ। एनबिबिएल डिवेञ्चर, लक्ष्मी सनराइज बैंक, एसवाई प्यानल नेपाल, रिलायन्स स्पिनिङ मिल्स शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार सोपान फर्मासिटिकल्स, अपोलो हाइड्रोपावर, सयपत्री हाइड्रोपावर, एसवाई प्यानल नेपाल र डोल्टी पावर कम्पनीका लगानीकर्ताले कमाएका छन्। ग्रीन डेभलपमेन्ट बैंक,रावा इनर्जी डेभलपमेन्ट, सेन्ट्रल फाइनान्स, नेपाल पुनरबीमा कम्पनी र नेपाल फाइनान्सका लगानीकर्ताले भने गुमाएका छन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ